गण्डकी प्रदेश सरकारको एकीकृत वार्षिक वित्तीय विवरण

आर्थिक वर्ष २०८२/०८३













प्रदेश लेखा नियन्त्रक कार्यालय

पोखरा, कास्की

कार्तिक, २०८३

गण्डकी प्रदेश सरकार

आर्थिक वर्ष २०८२।०८३ को

एकीकृत वार्षिक वित्तीय विवरण



गण्डकी प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालय

प्रदेश लेखा नियन्त्रक कार्यालय

पोखरा, कास्की

कार्त्तिक, २०८३

☎ : ०६१-४५७८०९/४५७८०८/४५७७४९
: pfcogandaki@gmail.com
: https://pfco.gandaki.gov.np

गण्डकी प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
पोखरा, कास्की

गण्डकी प्रदेश, नेपाल

संख्या : २०८३।०८४ चलानी नं : मिति : २०८३।०७।१५

श्री आर्थिक मामिला मन्त्रालय,
गण्डकी प्रदेश, पोखरा।

विषय:- आर्थिक वर्ष २०८२।०८३ को एकीकृत वित्तीय विवरण सम्बन्धमा।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ (२) एवम् प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २८(१) बमोजिम गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८२।०८३ को प्रदेश सञ्चित कोष एवं अन्य सरकारी कोषहरुको एकीकृत वित्तीय विवरण यसै पत्र साथ पेश गरिएको बेहोरा अनुरोध छ।

.....
(सुरेश सुवेदी)
प्रदेश लेखा नियन्त्रक

बोधार्थ:
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश।

☎ : ०६१-४५७८०९/४५७८०८/४५७७४९
: pfcogandaki@gmail.com
: https://pfco.gandaki.gov.np

गण्डकी प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
पोखरा, कास्की

गण्डकी प्रदेश, नेपाल

संख्या : २०८३।०८४ चलानी नं : मिति : २०८३।०७।१५

श्री महालेखापरीक्षकको कार्यालय,
काठमाडौं।

विषय:- आर्थिक वर्ष २०८२।०८३ को एकीकृत वित्तीय विवरण सम्बन्धमा।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ (२) एवम् प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २८(१) बमोजिम गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८२।०८३ को प्रदेश सञ्चित कोष एवं अन्य सरकारी कोषहरुको एकीकृत वित्तीय विवरण यसै पत्र साथ पेश गरिएको बेहोरा अनुरोध छ।

.....
(सुरेश सुवेदी)
प्रदेश लेखा नियन्त्रक

☎ : ०६१-४५७८०९/४५७८०८/४५७७४९
: pfcogandaki@gmail.com
: https://pfco.gandaki.gov.np

गण्डकी प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय
पोखरा, कास्की

गण्डकी प्रदेश, नेपाल

संख्या : २०८३।०८४ चलानी नं : मिति : २०८३।०७।१५

श्री महालेखा नियन्त्रक कार्यालय,
काठमाडौं।

विषय:- आर्थिक वर्ष २०८२।०८३ को एकीकृत वित्तीय विवरण सम्बन्धमा।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ (२) एवम् प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २८(१) बमोजिम गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८२।०८३ को प्रदेश सञ्चित कोष एवं अन्य सरकारी कोषहरुको एकीकृत वित्तीय विवरण यसै पत्र साथ पेश गरिएको बेहोरा अनुरोध छ।

.....
(सुरेश सुवेदी)
प्रदेश लेखा नियन्त्रक

विषय सूची

प्राक्कथन.....५

कार्यकारी सारांश.....७

भाग – १.....१०

गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८२।०८३ को एकीकृत वार्षिक वित्तीय विवरण.....१०

खण्ड (क).....११

गण्डकी प्रदेश सरकारको आय व्यय, राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरणको संक्षिप्त विवरण.....११

१. प्रदेश सरकारको राजस्व परिचालन.....१२

१.१ राजस्वको विवरण.....१२

१.२ प्रदेश सञ्चित कोषमा दाखिला भएको राजस्व विवरणः.....१२

२. राजस्व बाँडफाँटको अवस्था.....१५

२.१ नेपाल सरकारबाट बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क.....१५

२.२ बाँडफाँट भई प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुरको विवरण.....१५

२.३ स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने राजस्व.....१५

२.४ प्रदेश सरकारबाट संकलन भई स्थानीय तहसँग बाँडफाँट हुने राजस्व.....१६

२.५ प्रदेश सरकारबाट संकलन गरिएको वन रोयल्टी विवरण.....१६

२.६ प्रदेश सरकारबाट संकलन गरी प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने वन क्षेत्रको अन्य आय.....१६

३. अन्तरसरकारी वित्तीय हस्तान्तरण.....१७

३.१ सङ्घीय सरकारबाट प्राप्त अनुदान.....१७

३.२ प्रदेश सरकारबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण.....१८

३.३ सङ्घीय सरकारबाट प्राप्त अनुदान, खर्च र फिर्ता गरिएको रकमको विवरण.....१८

४ आर्थिक वर्ष २०८१/८२ को नगद मौज्दात.....१९

५. समग्र खर्चको विश्लेषण.....१९

५.१ आर्थिक वर्ष २०८२/०८३ को बजेट खर्च.....१९

५.२ आर्थिक वर्ष २०८२/०८३ को स्रोतगत खर्च विवरण.....२०

५.३ सञ्चित कोषमाथि व्ययभार हुने र सञ्चित कोषबाट विनियोजन हुने खर्चको विवरण.....२०

५.४ खर्च प्रतिवद्धता रकमको विवरण.....२०

५.५ सम्पत्तिको विवरण.....२०

६. आन्तरिक तथा बाह्य ऋण दायित्व.....२१

७. साट्न बाँकी चेक रकमको विवरण.....२१

८. धरौटीको विवरण.....२१

९. कार्यसञ्चालन कोषको विवरण २१
१०. गैर बजेटरी निकायः २१
११. गण्डकी प्रदेश सरकारका बैंक खाताहरुको विवरण २२
खण्ड (ख) गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष १०८२।०८३ को एकीकृत वार्षिक वित्तीय विवरण (नेपाल सार्वजनिक क्षेत्र लेखामान- NEPAL PUBLIC SECTOR ACCOUNTING STANDARD (NPSAS) मा आधारित) २३
८. गण्डकी प्रदेश सरकारको सञ्चित कोषको वार्षिक वित्तीय विवरण तयार गर्दा अपनाईएका आधारहरु, लेखा नीतिहरु तथा व्याख्यात्मक टिप्पणीहरु ४७
८.१ लेखा नीति ४७
१. वित्तीय विवरणको प्रस्तुतिः ४७
२. विवरण तयारीको कानुनी आधार : ४७
३. प्रतिवेदनको मानदण्डः ४८
४. प्रतिवेदक निकाय ४८
५. बजेटरी निकाय ४८
६. गैरबजेट निकाय ४८
७. लेखाङ्कन तथा एकीकरणका आधार ४८
८. प्रतिवेदन तथा बजेट अवधि ४८
९. सारभूतता ४९
१०. प्रतिवेदनको मुद्रा ४९
११. नेपाल सार्वजनिक क्षेत्र लेखामानको अनुपालना ४९
८.२. प्रमुख लेखा नीतिहरूः ४९
१. राजस्वको पहिचान तथा लेखाः ४९
२. राजस्व सङ्कलनः ४९
३. राजस्व नगद मौज्दातः ४९
४. विभाज्य कोषः ५०
५. प्रदेश सरकारले उपयोग गर्ने राजस्वः ५०
६. खर्चको पहिचान, लेखाङ्कन र प्रतिवेदनः ५०
७. नगद वा नगदजन्यको पहिचानः ५१
८. पेस्की बाँकीः ५१
लेखा टिप्पणीहरुः ५३
टिप्पणी १ - राजस्व, अनुदान र अन्य प्राप्तीः ५५
टिप्पणी १.१ राजस्व तथा अन्य प्राप्तीको लक्ष्य तथा प्राप्तिको संकलनको विवरणः ५५

टिप्पणी १.२ प्रदेश सरकारले उपयोग गर्ने राजस्व र अन्य प्राप्तीको लक्ष्य तथा प्राप्तिको विवरण (बजेट निकाय): ५६
टिप्पणी १.३ अनुदान र सहायताको प्राप्तिको विवरण: ५७
टिप्पणी १.४ विभाज्य कोष: ५८
टिप्पणी २ - लगानी तथा वित्तीय प्राप्ति: ५९
टिप्पणी २.१ सेयर बिक्री तथा विनिवेश: ५९
टिप्पणी २.२ आन्तरिक तथा वैदेशिक ऋण लगानी फिर्ता प्राप्ति: ६०
टिप्पणी २.३ आन्तरिक ऋण प्राप्ती: ६२
टिप्पणी २.४ वैदेशिक ऋण प्राप्ती: ६३
टिप्पणी ३ - चालु तथा पुँजीगत खर्च ६४
टिप्पणी ३.१ चालु खर्च: ६४
टिप्पणी ३.२ पुँजीगत खर्च: ६७
टिप्पणी ३.३ संचित कोषमाथी व्ययभार हुने खर्च (बजेट निकाय): ६९
टिप्पणी ३.४ - संचित कोषबाट विनियोजन हुने खर्च (बजेट निकाय): ७०
टिप्पणी ३.५ भुक्तानी विधि अनुसारको खर्च (बजेट निकाय): ७०
टिप्पणी ३.६ वित्तीय हस्तान्तरण (बजेट निकाय): ७१
टिप्पणी ४ वित्तीय ब्यवस्था: ७२
टिप्पणी ४.१ ऋण तथा शेयर लगानी: ७२
टिप्पणी ४.२ ऋण साँवा भुक्तानी: ७३
टिप्पणी ५ कोषहरुको प्राप्ती, भुक्तानी र बाँकीको विवरण: ७४
टिप्पणी ६ नगद र बैक मौज्दात: ७६
टिप्पणी ६.१ सरकारी कोषहरुको प्रवाह: ७६
टिप्पणी ६.२ नगद र बैक मौज्दात: ७६
टिप्पणी ७ सोधभर्नाहुने ऋण र अनुदान (बजेट निकाय): ७८
टिप्पणी ७.१ सोधभर्ना हुने ऋण: ७८
टिप्पणी ७.२ सोधभर्ना हुने अनुदान नभएको: ७८
टिप्पणी ८: बजेटमा समावेश नभएको तेस्रोपक्ष सहायता: ७९
टिप्पणी ९: प्राप्त हुन बाँकी बैदेशिक सहायता: ७९
टिप्पणी १० ऋण दायित्व: ८०
टिप्पणी ११ जिन्सी तथा सम्पत्ति: ८१
टिप्पणी १२ पेश्की बाँकीको विवरण: ८२

टिप्पणी १३ भुक्तानी दायित्वः ८३
टिप्पणी १४ खर्चको प्रतिवद्धताः ८४
टिप्पणी १५ लिन/उठ्न बाँकी रकमः ८५
टिप्पणी १६ सेवा तथा कार्यगत खर्चः ८६
टिप्पणी १७ आन्तरिक लेखापरीक्षणबाट कायम भएको वेरुजुः ९०
टिप्पणी १८ दोहोरो गणना रकम समायोजन (Elimination): ९०
टिप्पणी १८.१ प्राप्ती तर्फ दोहोरो गणना रकम समायोजनः ९०
टिप्पणी १८.२ खर्च तर्फ दोहोरो गणना रकम समायोजनः ९१
टिप्पणी १९ विनिमयदर नाफा नोक्सानः ९१
टिप्पणी २० सम्भाव्य दायित्व-Contingent Liability(बजेट निकाय): ९२
टिप्पणी २१ प्रतिवेदन पश्चात भएको संशोधन र त्रुटिको सुधार (Correction of Errors): ९२
टिप्पणी २२ जमानतः ९३
टिप्पणी २३ राजस्व खर्च/छुट (Tax Expenditure): ९३
टिप्पणी २४ सामाजिक सुरक्षाः ९३
टिप्पणी २५ आर्थिक बर्ष पछाडिकाप्रमुख घटनाहरुः ९४
प्रतिवेदन तथा सम्बन्धित अन्य विस्तृत विवरणहरु ९५

प्राक्कथन

गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३ ले प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई प्रदान गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४(२), प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ४ र दफा २८ बमोजिम प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक राख्ने तथा वार्षिक वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको रहेको छ । सोही कानूनी व्यवस्था बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले हरेक वर्ष एकीकृत वित्तीय विवरण तयार गर्दै आएको छ । प्रदेश सञ्चित कोषको एकीकृत वित्तीय विवरणका अतिरिक्त प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २८ (१) बमोजिम विनियोजन, राजस्व, धरौटी र कार्यसंचालन कोष (विविध) खाताको लेखा नगद कारोबारमा आधारित रही एकीकृत वित्तीय विवरण तयार गरिएको छ ।

आर्थिक वर्ष २०८२।०८३ को वित्तीय विवरणलाई व्यवस्थित रुप दिन कारोबारको प्रकृति अनुरुपका विभिन्न फाराम प्रयोग गरी प्रतिवेदन तयार गरिएको छ । आर्थिक विवरणमा प्रस्तुत गरिएका विषयगत प्रतिवेदनको समष्टिगत प्रतिनिधित्व हुने गरी प्रदेश एकीकृत मूल आर्थिक विवरणको रुपमा प्रस्तुत गरिएको छ । गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८२।०८३ को सञ्चित कोषको अवस्था, वार्षिक आय र व्ययको स्थिति, सञ्चित कोष माथि व्ययभार भएका तथा विनियोजन ऐन बमोजिम भएको खर्चको समष्टिगत आर्थिक विवरण, बजेट उपशीर्षकगत तथा खर्च शीर्षकगत, मन्त्रालय/निकायगत एवं जिल्लागत खर्चको सारांश विवरणहरुलाई समेटिएको छ । त्यस्तै प्रदेश सरकार तर्फ राजस्व असुलीको समष्टिगत विवरण, धरौटीको मन्त्रालयगत सारांश विवरण, कार्य सञ्चालन कोष तथा अन्य विविध खाता समूहको एकीकृत आय व्यय विवरण प्रतिवेदनमा समावेश गरिएको छ । यी विवरणहरुले प्रदेश सरकारको सञ्चित कोषको समग्र परिचालनको अवस्था देखाउँछन् । यस बिवरणमा सञ्चित कोष, वार्षिक विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन तथा अन्य कोषसम्बन्धी वार्षिक विषयगत प्रतिवेदनहरु क्रमश: प्रस्तुत गरिएको छ।

वित्तीय विवरण तयारीका क्रममा महालेखा नियन्त्रक कार्यालय, प्रदेश अन्तर्गत सम्बन्धित केन्द्रीय निकाय, प्रदेश लेखा इकाई कार्यालयहरु, सरकारी कारोबार गर्न तोकिएका बैंकहरु र नेपाल राष्ट्र बैंकबाट प्राप्त विवरणहरुलाई मूल आधारका रुपमा लिईएको छ। लेखांकन तथा प्रतिवेदनका लागि महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत ढाँचाको प्रयोग गर्ने र सो अनुरुप लेखांकन तथा प्रतिवेदन पद्धति सरल, पारदर्शी, व्यवस्थित र भरपर्दो बनाउन अवलम्बन गरिएका एकल खाता कोष प्रणाली (TSA), राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) र अन्य तथ्याङ्कलाई वित्तीय व्यवस्थापन सूचना प्रणाली (FMIS) मा समावेश गरी विवरणहरुको तयारी, भिडान र समायोजन गर्ने कार्य गरिएको छ । यो वित्तीय विवरण तयारीका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८, महालेखापरीक्षकको कार्यालय, महालेखा नियन्त्रक कार्यालय, आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेशबाट समय समयमा प्राप्त भएका निर्देशन समेतलाई मार्गदर्शनका रुपमा लिई विगतदेखि स्थापित अभ्यास समेतलाई आधार बनाई जिल्लागत तथा प्रदेश केन्द्रीय वित्तीय विवरणहरुलाई बैंकिङ्ग विवरणसँग भिडान गरी तथ्याङ्कको समायोजन (Consolidation) गरिएको छ । एकीकृत वार्षिक वित्तीय प्रतिवेदनलाई सही, भरपर्दो एवं पूर्णत: विश्वसनीय बनाउन यस कार्यालयले अधिकतम प्रयत्न गरेको भएतापनि कतिपय प्राविधिक तथा मानवीय पक्षमा

रहने कमी कमजोरीका कारण केही त्रुटी भएका/हुन सक्ने सम्भावनातर्फ सजग रहँदै यो विवरण माथि हुने अन्तिम लेखापरीक्षण तथा सरोकारवालाहरुबाट प्राप्त हुने राय, सुझाव, प्रतिक्रिया एवं पृष्ठपोषण समेतका आधारमा आवश्यक संशोधन एवं परिमार्जन गर्न सकिने छ ।

वित्तीय प्रतिवेदनले प्रदेश सरकारको सञ्चित कोष तथा अन्य कोषहरुको अवस्थाको सही चित्रण गर्नेछ भन्ने आशा गरिएको छ । यो प्रतिवेदन प्रदेश सरकारको वित्तीय प्रणालीको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा जानकारीको चाहाना राख्ने सरोकारवालाहरुलाई सहज पहुँच होस् भन्ने अभिप्रायले कार्यालयको website: www.pfco.gandaki.gov.np मा राखिएको छ ।

अन्त्यमा, यो एकीकृत वित्तीय विवरण तयार गर्न महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने **यस कार्यालय र प्रदेश लेखा इकाई कार्यालयका सम्पूर्ण कर्मचारीहरु, गहन राय सुझाव प्रदान गर्नुहुने सवै** प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

.....

(सुरेश सुवेदी)

प्रदेश लेखा नियन्त्रक

मितिः- २०८३ कार्त्तिक १५ गते

कार्यकारी सारांश

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३ ले प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई प्रदान गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ (२) तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ४ र दफा २८ अनुसार प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक राख्ने तथा वार्षिक एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी बमोजिम यस कार्यालयले हरेक वर्ष एकीकृत वित्तीय विवरण तयार गर्दै आएको छ। प्रदेश सञ्चित कोषको बार्षिक वित्तीय विवरणका अतिरिक्त ऐनको दफा २८ (१) मा उल्लेख भए बमोजिम विनियोजन, राजस्व, धरौटी र कार्य सञ्चालन कोष (विविध) खाताको लेखा नगद कारोबारमा आधारित रही आर्थिक वर्ष २०८२/०८३ को एकीकृत वित्तीय विवरण तयार गरिएको छ। प्रतिवेदनबाट देखिन आएको तथ्य सारांशमा देहाय बमोजिम रहेको छ।

आर्थिक वर्ष २०८२/०८३ मा गण्डकी प्रदेश सरकारले रु. ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजार राजस्व परिचालनको लक्ष्य राखेकोमा गत आर्थिक वर्षको नगद मौज्दात समेत रु. २४ अर्ब ३२ करोड ४७ लाख ७६ हजार परिचालन भएको (सशर्त, समपुरक, र बिशेष अनुदानको चालु आर्थिक वर्षमा खर्च नभई बचत रकम रु. ६१,८२,४५,६६७.५५ सङ्घीय संचित कोषमा फिर्ता पश्चात) छ। यो वार्षिक लक्ष्यको ७६.०६ प्रतिशत हुन आउँछ। कर राजस्व तर्फ रु.१२ अर्ब ४३ करोड ६ लाख १८ हजार वार्षिक लक्ष्य राखेकोमा रु.११ अर्ब ६९ करोड ४७ लाख ४९ हजार र अन्य राजस्व तर्फ रु. ३ अर्ब १३ करोड ०६ लाख ८७ हजार लक्ष्य लिएकोमा रु. २ अर्ब १७ करोड ५९ लाख २७ हजार संकलन गरी कुल लक्ष्यको तुलनामा क्रमशः ९४.०८ प्रतिशत र ६९.५० प्रतिशत कायम भएको छ। साथै बेरुजु रकम र अन्य प्राप्ति तर्फ रु. १९ करोड संकलन हुने लक्ष्य राखेकोमा रु. ३२ करोड ६५ लाख ६९ हजार संकलन भई लक्ष्यको तुलनामा १७१.८७ प्रतिशत प्रगती हासिल भएको छ।

आर्थिक वर्ष २०८२/०८३ मा प्रदेश सरकारले वित्तीय हस्तान्तरणबाट रु.१२ अर्ब २३ करोड ३६ लाख प्राप्त गर्ने लक्ष्य राखेकोमा रु.९ अर्व ४१ करोड ४६ लाख १२ हजार प्राप्त गरेको छ। यो वार्षिक लक्ष्यको तुलनामा ७६.९५ प्रतिशत हो। सङ्घीय सरकारबाट वित्तीय समानिकरण अनुदान वापत रु.७ अर्ब ७३ करोड ८९ लाख, सशर्त अनुदान वापत रु.३ अर्ब ३५ करोड ६४ लाख, विशेष अनुदान वापत रु.४९ करोड ८६ लाख र समपुरक अनुदान वापत रु.६३ करोड ९७ लाख खर्च हुने लक्ष्य राखिएकोमा समानिकरण अनुदान तर्फ रु. ५ अर्ब ६३ करोड ६६ लाख, सशर्त अनुदान तर्फ रु. १ अर्ब ७४ करोड ७१ लाख, विशेष अनुदान तर्फ रु. २६ करोड ६० लाख र समपुरक अनुदान तर्फ रु. ३२ करोड ४१ लाख खर्च भएको छ। वित्तीय हस्तान्तरणबाट प्राप्त रकममध्ये आर्थिक वर्ष २०८२/०८३ मा खर्च नभई बचत भएको सशर्त अनुदान तर्फ रु.४९ करोड १३ लाख, विशेष अनुदान तर्फ रु. ४ करोड ८१ लाख र समपुरक अनुदान तर्फ रु. ७ करोड ८८ लाख समेत कुल रकम रु.६१ करोड ८२ लाख सङ्घीय सञ्चित कोषमा फिर्ता गरिएको छ।

आर्थिक वर्ष २०८२/०८३ मा रु. ३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजार वार्षिक बजेट विनियोजन भएकोमा रु.२० अर्ब ५४ करोड ९४ लाख ९३ हजार खर्च भएको छ। चालु खर्च तर्फ रु.१२ अर्ब ६३ करोड ६६ लाख ७५ हजार खर्च गर्ने लक्ष्य राखेकोमा रु. ७ अर्व ५६ करोड १५ लाख ०८ हजार खर्च भएको छ। जुन चालु तर्फ विनियोजनको तुलनामा ५९.८४ प्रतिशत हो। त्यस्तै पुँजीगत खर्च तर्फ रु.१९ अर्ब ०९ करोड ३३ लाख २४ हजार खर्च गर्ने लक्ष्य

राखेकोमा रु.१२ अर्ब ९८ करोड ७९ लाख ८४ हजार खर्च भएको छ। यो पुँजीगत विनियोजनको तुलनामा ६८.०२ प्रतिशत हो। वित्तीय व्यवस्था तर्फ रु. २५ करोड विनियोजन भएकोमा खर्च भएको छैन।

प्रदेश सरकारले संकलन गरेको सवारी साधन कर विभाज्य कोषमा जम्मा गरी प्रदेश सरकार र स्थानीय तहवीच क्रमशः साठी प्रतिशत र चालिस प्रतिशतको दरले बाँडफाँट गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। सो बमोजिम आर्थिक वर्ष २०८२/०८३ मा सवारी साधन कर बापत संकलन भएको रकम रु.२ अर्ब १ करोड १५ लाख २६ हजार मध्ये रु.१ अर्ब २० करोड ६९ लाख १६ हजार प्रदेश संचित कोषमा र रु.८० करोड ४६ लाख १० हजार सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गरिएको छ।

धरौटी तर्फ आर्थिक वर्ष २०८१/०८२ को मौज्दात रु. १,६४,७७,५८,९६८.१३ आर्थिक वर्ष २०८२/०८३ मा अ.ल्या. गरिएको छ । चालु आर्थिक वर्षमा रु. ७९,४९,१४,५०६.६४ आम्दानी थप भई कुल जम्मा रु.२,४४,२६,७३,४७४.७७ आम्दानी कायम भएकोमा रु.७१,१९,४५,१३३.२७ फिर्ता तथा सदर स्याहा भई आर्थिक वर्षको अन्त्यमा रु.१,७३,०७,२८,३४१.५० मौज्दात कायम भएको छ।

कार्यसञ्चालन कोषमा आर्थिक वर्ष २०८१/०८२ मा मौज्दात बाँकी रहेको रकम रु. ९४,१६,७४,७६२.९७ आर्थिक वर्ष २०८२/०८३ मा अ.ल्या. गरिएको छ । चालु आर्थिक वर्ष २०८२/०८३ मा रु. २,००,१४,३४,७१२.१८ आम्दानी थप भई कुल रु.२,९४,३१,०९,४७५.१५ आम्दानी कायम भएकोमा सो मध्ये रु.२,१०,५३,३४,१८२.४३ खर्च भई आर्थिक वर्षको अन्त्यमा रु. ८३,७७,७५,२९२.७२ मौज्दात कायम भएको छ।

आर्थिक वर्ष २०८२/०८३ मा स्थानीय तहले संकलन गरी प्रदेश सरकार र स्थानीय तहबीच बाँडफाँट हुने राजस्व मध्ये दहत्तर-बहत्तर वापत रु.२७ करोड ५० लाख प्रदेश सञ्चित कोष दाखिला हुने लक्ष्य राखेकोमा रु.१९ करोड ७२ लाख ३४ हजार, मनोरञ्जन कर बापत रु. ५० लाख लक्ष्य राखेकोमा रु.३४ लाख ४५ हजार र विज्ञापन कर वापत रु.२२ लाख ७८ हजार लक्ष्य राखेकोमा रु.३२ लाख ०२ हजार प्रदेश सञ्चित कोषमा दाखिला भएको छ ।अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारले संकलन गरेको वन क्षेत्रको रोयल्टी वापतको रकम रु.११ करोड ३१ लाख ६५ हजार सङ्घीय विभाज्य कोषमा ट्रान्सफर गरिएको छ।

आर्थिक वर्ष २०८२/०८३ मा प्रदेश सरकारले गण्डकी प्रदेश अन्तर्गतका ८५ वटा स्थानीय तहहरुलाई समानीकरण, सशर्त, विशेष र समपुरक अनुदान मार्फत रु.२ अर्ब १० लाख ५९ हजार अनुदान हस्तान्तरण गर्ने लक्ष्य रहेकोमा रु.१ अर्ब ७१ करोड २८ लाख ९५ हजार हस्तान्तरण भएको छ। वित्तीय समानीकरण अनुदान तर्फ रु.१ अर्ब १६ करोड, सशर्त अनुदान तर्फ रु.३ करोड ३९ लाख १४ हजार, विशेष अनुदान तर्फ रु.२० करोड २५ लाख ५४ हजार र समपुरक अनुदान तर्फ रु.३१ करोड ६४ लाख २७ हजार स्थानीय तहमा हस्तान्तरण भएको छ।

आर्थिक वर्ष २०८२/०८३ मा प्रदेश लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाई कार्यालयहरुबाट गरिएको आन्तरिक लेखापरीक्षणबाट बेरुजुको प्रकृति अनुसार लेखापरीक्षण गरिएको रकममध्ये रु.१ करोड ५७ लाख १३ हजार असुल गर्नुपर्ने, रु.१ करोड ५६ लाख २६ हजार नियमित गर्नुपर्ने र रु. १४ करोड १९ लाख ७० हजार म्याद नाघेको पेश्की गरी कुल रु.१७ करोड ३३ लाख १० हजार बेरुजु कायम भएको छ।

गण्डकी प्रदेश सरकारको समग्र आम्दानी र खर्चको आधारमा आर्थिक वर्ष २०८२/०८३ को अन्त्यमा प्रदेश सञ्चित कोषमा रु.३,७७,५२,८२,९०२.२९ नगद मौज्दात बाँकी रहेको छ।

भाग – १

गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८२।०८३ को एकीकृत वार्षिक वित्तीय विवरण

खण्ड (क)

गण्डकी प्रदेश सरकारको आय व्यय, राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरणको संक्षिप्त विवरण

१. प्रदेश सरकारको राजस्व परिचालन

१.१ राजस्वको विवरण

आर्थिक वर्ष २०८२/०८३ मा गण्डकी प्रदेश सरकारले प्राप्त गरेको राजस्व अनुदान तथा अन्य आयको विवरण निम्न बमोजिम रहेको छ।

क्र.स.	राजस्व वर्गीकरण	लक्ष्य	आय	कैफियत
१	११०००-कर राजस्व	१२,४३,०६,१८,०००.००	१०,४८,७८,३३,४४७.२०	
२	१३३००- **नेपाल** सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण	१२,२३,३६,००,०००.००	९,४१,४६,१२,२०२.४५	
३	१४०००-अन्य राजस्व	३,१३,०६,८७,०००.००	२,१७,५९,२७,१६४.५६	
४	१५०००- विविध प्राप्ति	१९,००,००,०००.००	३२,६५,६९,१९०.०२	
५	३३०००-विभाज्य कोषमा प्राप्ति		२,१२,४६,९८,२९१.३१	
	कुल राजस्व		**२४,५२,९६,४०,२९५.५४**	
६	गत वर्षको नगद मौज्दात	२,२४,५०,९४,०००.००	७१,२९,१८,०३९.२९	
७	आन्तरिक ऋण	१,७५,००,००,०००.००	-	
	कुल जम्मा	**३१,९७,९९,९९,०००.००**	**२५,२४,२५,५८,३३४.८३**	

स्रोतः- राजस्व व्यवस्थापन सूचना प्रणाली (Revenue Management Information System)

नोटः-

- सङ्घीय सरकारबाट वित्तीय हस्तान्तरण मार्फत रु.१०,०३,२८,५७,८७०.०० प्राप्ती भएकोमा सशर्त, समपूरक र विशेष अनुदानमा खर्च नभई बाँकी रहेको रकम रु.६१,८२,४५,६६७.५५ सङ्घीय सञ्चित कोषमा फिर्ता गरिएकोले सो रकम घटाए पछिको खुद प्राप्तिलाई यस तालिकामा प्रस्तुत गरिएको छ।
- सवारी साधन कर बाडँफाँट गरी प्रदेश सरकारलाई प्राप्त भएको राजस्व रकम रु. १,२०,६९,१६,१४४.८० (३३०००-विभाज्य कोषमा प्राप्ति) शीर्षकमा समेत समावेश भएको हुँदा दोहोरो गणना हुने भएकोले सो रकम घटाएर यो तालिकामा प्रतिवेदन गरिएको छ।

१.२ प्रदेश सञ्चित कोषमा दाखिला भएको राजस्व विवरण

आर्थिक वर्ष २०८२/०८३ मा गण्डकी प्रदेश सरकारको एकल राजस्व, वित्तीय हस्तान्तरण, स्थानीय तहसँग बाँडफाँट भई प्राप्त राजस्वमा खर्च नभई बचत हुन गएको अनुदान रकम सङ्घीय सञ्चित कोषमा फिर्ता र प्रदेश सरकारले संकलन गरी प्रदेश र स्थानीय तहबीच बाँडफाँट (सवारी साधन कर) पश्चात प्रदेश सञ्चित कोषमा दाखिला भएको रकमको विवरण देहाय बमोजिम रहेको छ।

क्र.स.	राजस्व वर्गीकरण	लक्ष्य	आय	प्रतिशत	कैफियत
१	११०००-कर राजस्व	१२,४३,०६,१८,०००.००	११,६९,४७,४९,५९२.००	९४.०८	
२	१३०००- **नेपाल** सरकारबाट वित्तीय हस्तान्तरण	१२,२३,३६,००,०००.००	९,४१,४६,१२,२०२.४५	७६.९५	
३	१४०००-अन्य राजस्व	३,१३,०६,८७,०००.००	२,१७,५९,२७,१६४.५६	६९.५०	
४	१५०००- विविध प्राप्ति	१९,००,००,०००.००	३२,६५,६९,१९०.०२	१७१.८७	
५	गत वर्षको नगद मौज्दात	२,२४,५०,९४,०००.००	७१,२९,१८,०३९.२९	३१.७५	
६	आन्तरिक ऋण	१,७५,००,००,०००.००	-		
	कुल जम्मा	**३१,९७,९९,९९,०००.००**	**२४,३२,४७,७६,१८८.३२**	**७६.०६**	

स्रोतः- *राजस्व व्यवस्थापन सूचना प्रणाली (Revenue Management Information System)*

नोटः-

- आर्थिक वर्ष २०८१/०८२ को सङ्घीय सरकारबाट बाँडफाँट भई प्राप्त हुने प्राकृतिक स्रोत बापतको रोयल्टी रकम र २०८२ असार १६ देखि मसान्तसम्मको बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क यस तालिकाको विवरणमासमावेश गरिएको छ।
- आर्थिक वर्ष २०८२/०८३ को नेपाल सरकारबाट बाँडफाँट भई प्राप्त हुने प्राकृतिक स्रोत बापतको रोयल्टी र २०८३ असार १६ देखि मसान्त सम्मको बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्तःशुल्क रकम सोही आर्थिक वर्षमा प्राप्त नभएकोले यस तालिकाको विवरणमा समावेश गरिएको छैन।
- नेपाल सरकारबाट वित्तीय हस्तान्तरण मार्फत रु.१०,०३,२८,५७,८७०.०० प्राप्ती भएकोमा सशर्त, समपूरक र विशेष अनुदानमा खर्च नभई बाँकी रहेको रकम रु.६१,८२,४५,६६७.५५ सङ्घीय सञ्चित कोषमा फिर्ता गरिएको।
- सवारी साधन कर वापत विभाज्य कोषमा रु.२,०१,१५,२६,९०८.०० जम्मा भएकोमा प्रचलित कानून बमोजिम बाँडफाँट गरी प्रदेश सञ्चित कोषमा रु.१,२०,६९,१६,१४४.८० दाखिला तथा स्थानीय सञ्चित कोषमा रु.८०,४६,१०,७६३.२० हस्तान्तरण गरिएको। सो मध्ये २०८३ असार २० सम्म संकलन भएको रु. १,९३,६३,३७,१६३.०० आर्थिक वर्ष २०८२/८३ मै बाँडफाँट गरी सम्बन्धित खातामा दाखिला/ट्रान्सफर गरिएको तथा २०८३ असार २१ देखि ३२ सम्म संकलन भएको रु. ७,५१,८९,७४५.०० आर्थिक वर्ष २०८३/८४ मा बाँडफाँट गरी सम्बन्धित खातामा दाखिला/ट्रान्सफर गरिएको। २०८३ असार २१ देखि ३२ सम्मको बाँडफाँट भई प्रदेश सरकारलाई प्राप्त भएको सवारी साधन कर रु. ४,५१,१३,८४७ New RMIS प्रयोग नगरी सोझै नेपाल राष्ट्र बैंकमा रहेको ख-१.१ खातामा दाखिला गरिएको।
- प्रदेश विभाज्य कोषमा दाखिला भएको वन क्षेत्रको रोयल्टी वापतको रकम रु. ११,३१,६५,३८३.३१ सङ्घीय विभाज्य कोष खातामा ट्रान्सफर गरिएको।
- ३३३९१-अन्य बाडँफाँट हुने राजस्वमा दाखिला भएको रु. ६,०००.०० बाँडफाँट सम्बन्धि कानुनी अस्पष्टताको कारण प्रदेश विभाज्य कोष खातामा ट्रान्सफर गरेर मौज्दात बाँकी राखिएको।

आर्थिक वर्ष २०८२/०८३ मा गण्डकी प्रदेश सरकारले रु.३१ अर्ब ९७ करोड ९९ लाख राजस्व परिचालनको लक्ष्य राखेकोमा अनुदान फिर्ता र प्रदेश सरकारले संकलन गरी प्रदेश र स्थानीय तहबीच हुने राजस्व बाँडफाँट पश्चात गत आर्थिक वर्षको नगद मौज्दात समेत रु.२४ अर्ब ३२ करोड ४७ लाख परिचानल गरेको छ। यो वार्षिक लक्ष्यको करिब ७६.०६ प्रतिशत हुन आँउछ। कर राजस्व तर्फ रु.१२ अर्ब ४३ करोड ०६ लाख वार्षिक लक्ष्य राखेकोमा रु.११ अर्ब ६९ करोड ४७ लाख र अन्य राजस्व तर्फ रु.३ अर्ब १३ करोड ०६ लाख लक्ष्य लिएकोमा रु.२ अर्ब १७ करोड ५९ लाख संकलन भई कुल लक्ष्यको तुलनामा क्रमशः ९४.०८ प्रतिशत र ६९.५० प्रतिशत कायम भएको छ

। साथै सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान तर्फ रु.१२ अर्ब २३ करोड ३६ लाख प्राप्त हुने अनुमान गरिएकोमा रु.१० अर्ब ०३ करोड २८ लाख प्राप्त भएकोमा सशर्त, समपूरक र विशेष अनुदान वापतको खर्च नभएको रकम रु. ६१ करोड ८२ लाख सङ्घीय सञ्चित कोषमा फिर्ता गरिएको छ। वित्तीय हस्तान्तरण (अनुदान) बाट प्रदेश सञ्चित कोषमा रु ९ अर्ब ४१ करोड ४६ लाख खुद दाखिला भएको छ।

२. राजस्व बाँडफाँटको विवरण

२.१ नेपाल सरकारबाट बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क

आर्थिक वर्ष २०८२/०८३ मा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम नेपाल सरकारबाट बाँडफाँट भई प्राप्त मूल्य अभिवृद्धि कर अन्तःशुल्कबाट देहाय बमोजिमको रकम प्राप्त भएको छ।

नेपाल सरकारबाट प्राप्त मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क

क्रस.	शीर्षक	बजेट लक्ष्य	प्राप्ति	प्रतिशत
१	११४११-बाँडफाँटभई प्राप्त हुने मूल्य अभिबृद्धि कर	७,७८,९८,००,०००.००	७,०२,८२,९९,१५२.२९	९०.२२
२	११४२१-बाँडफाँटभई प्राप्त हुने अन्त शुल्क	२,००,३१,४०,०००.००	२,५३,९१,२३,१२९.४४	१२६.७५
जम्मा		**९,७९,२९,४०,०००.००**	**९,५६,७४,२२,२८१.७३**	**९७.६९**

२.२ बाँडफाँट भई प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुरको विवरण

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ मा घरजग्गा रजिष्ट्रेशन सम्बन्धी दस्तुर वापत प्राप्त हुने राजस्व सम्बन्धित स्थानीय तहले संकलन गरी प्रदेश सरकार र स्थानीय तहबीच तोकिए बमोजिम बाँडफाँट हुने व्यवस्था रहेको छ। हाल घरजग्गा रजिष्ट्रेशन दस्तुर वापतको राजस्व जिल्लास्थित भूमि प्रशासन कार्यालयहरु बाट संकलन भईरहेको छ। आर्थिक वर्ष २०८२/०८३ मा कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५, प्रदेश आर्थिक ऐन, २०८२, कर तथा गैरकर राजस्व सम्बन्धी निर्देशिका एवम् अन्य प्रचलित कानुनी व्यवस्था बमोजिम भूमि प्रशासन कार्यालयहरुबाट संकलन भई निम्न बमोजिम प्रदेश सञ्चित कोषमा दाखिला भएको छ।

भूमि प्रशासन कार्यालयहरुबाट बाँडफाँट भई प्राप्त घरजग्गा रजिष्ट्रेशन दस्तुरको विवरण

क्र.स.	शीर्षक	बजेट लक्ष्य	प्राप्ति	प्रतिशत
१	११३१५-बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिष्टेशन दस्तुर	१,२५,००,००,०००.००	९१,३७,३४,३३५.०५	७३.०९

२.३ स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने राजस्व

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम मनोरञ्जन कर, विज्ञापन कर र दहत्तर-बहत्तर वापत प्राप्त हुने राजस्व स्थानीय तहले संकलन गरी प्रदेश सरकार र स्थानीय तहबीच बाँडफाँट हुने व्यवस्था रहेको छ। गण्डकी प्रदेश सरकारको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५, गण्डकी प्रदेश आर्थिक ऐन, २०८२, कर तथा गैरकर राजस्व सम्बन्धी निर्देशिका बमोजिम आर्थिक वर्ष २०८२/०८३ मा गण्डकी प्रदेशका स्थानीय तहहरुबाट संकलन गरी प्रदेश सरकार र स्थानीय तहबीच बाँडफाँट भई प्रदेश सञ्चित कोषमा निम्न बमोजिम दाखिला भएको छ।

स्थानीय तहबाट बाँडफाँट भई प्राप्त राजस्वको विवरण				
क्र. स.	शीर्षक	बजेट लक्ष्य	प्राप्ति	कैफियत
१	११४७१-बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर	५०,००,०००.००	३४,४५,५०२.८०	६८.९१
२	११४७२-बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर	२२,७८,०००.००	३२,०२,९७७.६२	१४०.६०
३	१४१५७-बाँडफाँट भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय	२७,५०,००,०००.००	१९,७२,३४,६२२.७९	७१.७२

२.४ प्रदेश सरकारबाट संकलन भई स्थानीय तहसँग बाँडफाँट हुने राजस्व

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ (क) मा प्रदेश सरकारले संकलन गरेको सवारी साधन कर प्रदेश विभाज्य कोषमा जम्मा गरी प्रदेश सरकार र स्थानीय तहवीच क्रमशः साठी प्रतिशत र चालिस प्रतिशतको दरले बाँडफाँट गर्नुपर्ने व्यवस्था गरिएको छ। आर्थिक वर्ष २०८२/०८३ मा प्रदेश सरकारको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५, गण्डकी प्रदेश आर्थिक ऐन, २०८२, कर तथा गैरकर राजस्व सम्बन्धी निर्देशिका एवं अन्य प्रचलित कानुन बमोजिम प्रदेश सरकारका निकायहरुबाट संकलन भएको सवारी साधन कर निम्न बमोजिम बाँडफाँट गरी प्रदेश सञ्चित कोषमा दाखिला तथा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिएको छ।

बाँडफाँट भएको राजस्वको विवरण (३३३४१-सवारी साधन कर)			
आर्थिक वर्ष	संकलन भएको राजस्व रकम रु.	प्रदेश सरकार	स्थानीय सरकार
२०८२/०८३	२,०१,१५,२६,९०८.००	१,२०,६९,१६,१४४.८०	८०,४६,१०,७६३.२०

२.५ प्रदेश सरकारबाट संकलन गरिएको वन रोयल्टी विवरण

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ मा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बाँडफाँट सम्बन्धी व्यवस्था गरिएको छ। यस प्रकारको रोयल्टी रकम जम्मा हुने सङ्घीय विभाज्य कोषमा गण्डकी प्रदेश सरकारले आ २०८२/०८३ मा संकलन गरेको वन क्षेत्रको रोयल्टी वापतको रकम निम्न बमोजिम ट्रान्सफर गरिएको छ।

वन रोयल्टी वापतको रकम				
क्र.स.	राजस्व शीर्षक	आम्दानी (रकम रु.)	सङ्घीय विभाज्य कोषमा ट्रान्सफर	बाँकी
१	३३३६१-वन क्षेत्रको रोयल्टी	११,३१,६५,३८३.३१	११,३१,६५,३८३.३१	-

२.६ प्रदेश सरकारबाट संकलन गरी प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने वन क्षेत्रको अन्य आय

गण्डकी प्रदेश वन ऐन, २०८० मा वन क्षेत्रको आय सम्बन्धी व्यवस्था गरिएको छ। प्रदेश सरकार मातहत डिभिजन वन कार्यालयले संकलन गरेको यस प्रकारको रोयल्टी रकमको गत आर्थिक वर्षको मौज्दात समेत प्रदेश विभाज्य कोषमा निम्न बमोजिम रहेको छ। उक्त रकम कानुनी अस्पष्टताको कारण बाँडफाँट नभई मौज्दात बाँकी रहेको छ।

अन्य बाँडफाँट हुने राजस्व संकलन वापतको रकम (वन क्षेत्रको अन्य आय)						
क्र.स.	**राजस्व शीर्षक**	**आर्थिक वर्ष २०८१/०८२ को मौज्दात**	**आर्थिक वर्ष २०८२/०८३ को आय**	**प्रदेश सरकार**	**स्थानीय तह**	**जम्मा**
१	३३३९१-अन्य बाँडफाँट हुने राजस्व संकलन	५,२४,३४,७६१.१०	६,०००.००	००	००	५,२४,४०,७६१.१०

३. अन्तरसरकारी वित्तीय हस्तान्तरण

३.१ सङ्घीय सरकारबाट प्राप्त अनुदान

नेपालको संविधानको धारा ६० को उपधारा ३ मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने व्यवस्था रहेको छ । राजस्व बाँडफाँटको अतिरिक्त चार प्रकारका अनुदानका माध्यमबाट अन्तरसरकारी वित्तीय हस्तान्तरण गरिने व्यवस्था संविधान र कानुनमा गरिएको छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ४ बमोजिम नेपाल सरकारबाट गण्डकी प्रदेश सरकारलाई आर्थिक वर्ष २०८२/०८३ मा निम्न बमोजिम वित्तीय हस्तान्तरण भई सञ्चित कोष दाखिला भएको छ ।

अनुदान शीर्षक	बजेट लक्ष्य	अनुदान प्राप्ति	प्रतिशत
१३३११-समानीकरण अनुदान	७,७३,८९,००,०००.००	७,०७,७२,२४,०५०.००	९१.४५
१३३१२/२१- सशर्त अनुदान	३,३५,६४,००,०००.००	२,२३,८५,०४,८२०.००	६६.६९
१३३१३/२२-विशेष अनुदान	४९,८६,००,०००.००	३१,४१,१८,०००.००	६३.००
१३३१४/२३-समपुरक अनुदान	६३,९७,००,०००.००	४०,३०,११,०००.००	६३.००
जम्मा	**१२,२३,३६,००,०००.००**	१०,०३,२८,५७,८७०.००	८२.०१

आर्थिक वर्ष २०८२/०८३ मा गण्डकी प्रदेश सरकारले बजेट वक्तव्यमा रु.१२ अर्ब २३ करोड ३६ लाख वित्तीय हस्तान्तरणबाट प्राप्त हुने लक्ष्य राखेकोमा रु.१० अर्व ०३ करोड २८ लाख ५७ हजार प्राप्त गरेको छ। जुन वार्षिक लक्ष्यको तुलनामा ८२.०१ प्रतिशत हुन्छ । वित्तीय हस्तान्तरणबाट प्राप्त रकम मध्ये आर्थिक वर्ष २०८२/०८३ मा खर्च नभई बाँकी रहन गएको सशर्त, समपुरक र विशेष अनुदानको रकम रु. ६१,८२,४५,६६७.५५ प्रचलित कानुन बमोजिम सङ्घीय सञ्चित कोषमा फिर्ता पश्चात रु. ९,४१,४६,१२,२०२.४५ प्रदेश सञ्चित कोषमा खुद दाखिला कायम भएको छ ।

३.२ प्रदेश सरकारबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम गण्डकी प्रदेश सरकारबाट प्रदेश भित्रका स्थानीय तहहरुलाई आर्थिक वर्ष २०८२/०८३ मा निम्नानुसार वित्तीय हस्तान्तरण भएको छ।

क्र.स.	अनुदान शीर्षक	वार्षिक बजेट लक्ष्य	हस्तान्तरण	प्रतिशत
१	समानीकरण अनुदान-२६३३१	१,१६,००,००,०००.००	१,१६,००,००,०००.००	१००.००
२	सशर्त अनुदान-२६३३२/३६	१,९५,००,०००.००	३,३९,१४,११८.७१	१७३.९१
३	विशेष अनुदान-२६३३३	३२,६६,८९,०००.००	२०,२५,५४,१८३.१४	६२.००
४	समपुरक अनुदान-२६३३४	४९,४८,७०,०००.००	३१,६४,२७,०४७.८४	६३.९४
	जम्मा	**२,००,१०,५९,०००.००**	**१,७१,२८,९५,३४९.६९**	**८५.५९**

आर्थिक वर्ष २०८२/०८३ मा गण्डकी प्रदेश भित्रका ८५ वटा स्थानीय तहहरुलाई समानीकरण, सशर्त, विशेष र समपुरक अनुदान मार्फत रु.२ अर्ब १० लाख ५९ हजार वित्तीय हस्तान्तरण गर्ने लक्ष्य रहेकोमा रु.१ अर्ब ७१ करोड २८ लाख ९५ हजार हस्तान्तरण भएको छ। वित्तीय समानीकरण अनुदान लक्ष्यको तुलनामा शत प्रतिशत हस्तान्तरण भएको छ। सशर्त, समपुरक र विशेष अनुदान प्रदेश सरकारद्वारा स्वीकृत कार्यविधि बमोजिम कार्यप्रगतीको आधारमा हस्तान्तरण हुने व्यवस्था रहेको छ।

३.३ सङ्घीय सरकारबाट प्राप्त अनुदान, खर्च र फिर्ता गरिएको रकमको विवरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ एवम् नियमावली, २०७७, विनियोजन ऐन, २०८२ तथा बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा आर्थिक वर्षको अन्त्य सम्ममा नेपाल सरकारबाट प्राप्त भएको सशर्त, समपुरक र विशेष अनुदानको खर्च नभई बाँकी रहेको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८२/०८३ को असार मसान्त सम्ममा खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गरिएको छ।

क्र.स.	अनुदान शीर्षक	प्राप्त अनुदान रकम	खर्च रकम	फिर्ता रकम
१	सशर्त अनुदान	२,२३,८५,०४,८२०.००	१,७४,७१,९१,६०६.७०	४९,१३,१३,२१३.३०
२	समपुरक अनुदान	४०,३०,११,०००.००	३२,४१,८३,८१६.८१	७,८८,२७,१८३.१९
३	विशेष अनुदान	३१,४१,१८,०००.००	२६,६०,१२,७२८.९४	४,८१,०५,२७१.०६
	जम्मा	**२,९५,५६,३३,८२०.००**	**२,३३,७३,८८,१५२.४५**	**६१,८२,४५,६६७.५५**

४ आर्थिक वर्ष २०८१/८२ को नगद मौज्दात

विवरण	मौज्दात रकम	कैफियत
नगद मौज्दात	७१,२९,१८,०३९.२९	-

आर्थिक वर्ष २०८१/०८२ को एकिकृत वित्तीय विवरण अनुसार प्रदेश सरकारको प्रदेश सञ्चित कोषमा बाँकी मौज्दात रकम रु.७१ करोड २९ लाख १८ हजार आर्थिक वर्ष २०८२/०८३ मा गत वर्षको नगद मौज्दातको रुपमा समावेश भएको छ।

५. समग्र खर्चको विश्लेषण

५.१ आर्थिक वर्ष २०८२/०८३ को खर्च

आर्थिक वर्ष २०८२/०८३ मा गण्डकी प्रदेश सरकारको बजेट वक्तव्य मार्फत वार्षिक विनियोजन रु.३१ अर्ब ९७ करोड ९९ लाख ९९ हजार गरिएकोमा आर्थिक वर्षको अन्तसम्ममा रु.२० अर्व ५४ करोड ९४ लाख ९३ हजार खर्च भएको छ।

खर्च वर्गीकरण	विनियोजित बजेट		खर्च	
	रकम	प्रतिशत	रकम	प्रतिशत
चालु	१२,६३,६६,७५,०००.००	३९.५१	७,५६,१५,०८,७१५.६६	५९.८३
पुँजीगत	१९,०९,३३,२४,०००.००	५९.७१	१२,९८,७९,८४,५७०.३७	६८.०२
वित्तीय व्यवस्था	२५,००,००,०००.००	०.७८	-	-
जम्मा	३१,९७,९९,९९,०००.००	१००.००	२०,५४,९४,९३,२८६.०३	६४.२५

गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०८२/०८३ मा चालु खर्च तर्फ रु.१२ अर्ब ६३ करोड ६६ लाख ७५ हजार खर्च गर्ने लक्ष्य राखेकोमा आर्थिक वर्षको अन्त्यमा रु.७ अर्व ५६ करोड १५ लाख ०८ हजार खर्च भएको छ। जुन चालु तर्फको विनियोजनको तुलनामा ५९.८३ प्रतिशत हो। यस्तै पुँजीगत खर्च तर्फ रु.१९ अर्ब ०९ करोड ३३ लाख २४ हजार खर्च गर्ने लक्ष्य राखेकोमा आर्थिक वर्षको अन्त्यमा रु.१२ अर्ब ९८ करोड ७९ लाख ८४ हजार खर्च भएको छ। जुन पुँजीगत तर्फको विनियोजनको तुलनामा ६८.०२ प्रतिशत हुन आउँछ। वित्तीय व्यवस्था तर्फ रु.२५ करोड विनियोजन भएकोमा कुनै रकम खर्च भएको छैन। साथै, कुल विनियोजनको तुलनामा ६४.२५ प्रतिशत वित्तीय प्रगती हासिल भएको छ।

५.२ आर्थिक वर्ष २०८२/०८३ को स्रोतगत खर्च विवरण

आर्थिक वर्ष २०८२/०८३ मा स्रोतगत बजेट विनियोजन र खर्चको विवरण देहाय बमोजिम रहेको छ।

स्रोत	अन्तिम कायम बजेट		खर्च	
	रकम	प्रतिशत	रकम	अन्तिम बजेटको तुलनामा खर्च प्रतिशत
१. नेपाल सरकार	**१२,३४,५६,२५,००२.००**	**३८.६०**	**७,९७,४०,४३,४७२.३९**	**६४.५९**
समानीकरण अनुदान	७,७३,८९,००,०००.००		५,६३,६६,५५,३१९.९४	
सशर्त अनुदान	३,४६,८४,२५,००२.००		१,७४,७१,९१,६०६.७०	
विशेष अनुदान	४९,८६,००,०००.००		२६,६०,१२,७२८.९४	
समपुरक अनुदान	६३,९७,००,०००.००		३२,४१,८३,८१६.८१	
२. प्रदेश सरकार	**१९,६३,४३,७३,९९८.००**	**६१.४०**	**१२,५७,५४,४९,८१३.६४**	**६४.०४**
नगद आन्तरिक श्रोत	१९,६३,४३,७३,९९८.००		१२,५७,५४,४९,८१३.६४	
जम्मा	**३१,९७,९९,९९,०००.००**	**१००.००**	**२०,५४,९४,९३,२८६.०३**	**६४.२५**
कुल बजेटमा खर्चको प्रतिशत			**६४.२५**	

आर्थिक वर्ष २०८२/०८३ मा प्रदेश सरकारको अन्तिम कायम बजेटमा नेपाल सरकारबाट प्राप्त अनुदान मध्ये विनियोजनको तुलनामा ६४.५९ प्रतिशत खर्च भएको देखिन्छ। यसै गरी यस प्रकारको खर्च प्रदेश सरकारको स्रोत तर्फ ६४.०४ प्रतिशत भएको छ। कुल विनियोजित बजेटको तुलनामा ६४.२५ प्रतिशत खर्च भएको छ।

५.३ सञ्चित कोषमाथि व्ययभार हुने र सञ्चित कोषबाट विनियोजन हुने खर्चको विवरण

आर्थिक वर्ष २०८२/०८३ मा प्रदेश सरकारको सञ्चित कोषमाथि व्ययभार हुने खर्च रकम रु. ८७ लाख ४४ हजार र सञ्चित कोषबाट विनियोजन हुने खर्च रकम रु.२० अर्ब ५४ करोड ०७ लाख ४९ हजार रहेको छ।

५.४ खर्च प्रतिवद्धता रकमको विवरण

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १९ बमोजिम रकमको विवरण Integrated Public Finance Management System (IPFMS) प्रणालीमा खरिद सम्झौता रकम, हालसम्म भुक्तानी रकम, ठेक्का सम्झौता मिति, सम्पन्न गर्नुपर्ने समय आदि विवरणहरु सम्बन्धित निकायहरुले प्रविष्टि गर्नुपर्ने व्यवस्था छ। निकायहरुले उक्त प्रणालीमा प्रविष्टि गरेको विवरणका आधारमा प्रदेश सरकारको कुल प्रतिवद्धता रकम रु.२२,४१,७४,११,२७६.३६ रहेको छ। (स्रोत: FMIS प्रतिवेदन नं. ६००३)

५.५ सम्पत्तिको विवरण

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २७ तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८८ अनुसार प्रदेश सरकारका सवै कार्यालयहरुले सम्पत्ति तथा जिन्सी मालसामानको विवरण Public Assets Management System (PAMS) प्रणालीमा अद्यावधिक गरी

राख्ननुपर्ने व्यवस्था छ । सोही कानूनी व्यवस्था बमोजिम प्रदेश सरकार मातहतका कार्यालय/निकायहरुले उक्त प्रणालीमा प्रविष्टि गरे अनुसार प्रदेश सरकारको सम्पत्ति रु.४,८२,४८,०८,८१६.१३ रहेको छ।

६. आन्तरिक तथा बाह्य ऋण दायित्व

गण्डकी प्रदेश सरकारबाट आर्थिक वर्ष २०८२/०८३ मा आन्तरिक तथा बाह्य ऋणको साँवा ब्याज कुनै पनि भुक्तानी नभएको तथा दायित्व समेत बाँकी नरहेको।

७. साट्न बाँकी चेक रकमको विवरण

आर्थिक वर्ष २०८२/०८३ मा प्रदेश सञ्चित कोषबाट निकासा हुने गरी खर्च लेखिएको रकम मध्ये साट्न बाँकी चेक रहेको छैन।

८. धरौटीको विवरण

धरौटी वापत आर्थिक वर्ष २०८१/०८२ को मौज्दात रु. १,६४,७७,५८,९६८.१३ आर्थिक वर्ष २०८२/०८३ मा अ.ल्या. गरिएको छ ।आर्थिक वर्ष २०८२/०८३ मा रु.७९,४९,१४,५०६.६४ आम्दानी भई कुल जम्मा रु.२,४४,२६,७३,४७४.७७ आम्दानी कायम भएकोमा रु.७१,१९,४५,१३३.२७ फिर्ता तथा सदर स्याहा भई आर्थिक वर्षको अन्त्यमा रु.१,७३,०७,२८,३४१.५० मौज्दात बाँकी रहेको छ।

(स्रोत: FMIS प्रतिवेदन नं. ४१०१)

९. कार्यसञ्चालन कोषको विवरण

कार्यसञ्चालन कोषमा रहेको आर्थिक वर्ष २०८१/०८२ को मौज्दात रु. ९४,१६,७४,७६२.९७ आर्थिक वर्ष २०८२/०८३ मा अ.ल्या. गरिएको छ। चालु आर्थिक वर्ष २०८२/०८३ मा रु. २,००,१४,३४,७१२.१८ आम्दानी थप भई कुल जम्मा रु.२,९४,३१,०९,४७५.१५ आम्दानी कायम भएकोमा रु.२,१०,५३,३४,१८२.४३ खर्च भई आर्थिक वर्षको अन्त्यमा रु. ८३,७७,७५,२९२.७२ मौज्दात बाँकी रहेको छ।

(स्रोत: FMIS प्रतिवेदन नं. ४२०१)

१०. गैर बजेटरी निकाय:

गण्डकी विश्वविद्यालय ऐन, २०७६ बमोजिम स्थापना भई सञ्चालनमा रहेको गण्डकी विश्वविद्यालयलाई सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय मार्फत बजेट व्यवस्थापन गरी अनुदान प्रदान गरिदै आएको हुँदा उक्त विश्वविद्यालयलाई गैर बजेटरी निकायको रुपमा प्रतिवेदनमा समावेश गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण खण्ड (ख) NPSAS प्रतिवेदनमा प्रस्तुत गरिएको छ।

११. गण्डकी प्रदेश सरकारका बैंक खाताहरुको विवरण

सरकारी कारोवार निर्देशिका, २०७६ अनुसार प्रदेश सरकारको सरकारी कारोवार सञ्चालनको लागि नेपाल राष्ट्र बैंकका तोकिएका कार्यालयहरुमा र नेपाल राष्ट्र बैंकबाट प्रदेश सरकारको सरकारी कारोवार गर्ने अनुमति प्राप्त बैंकहरुमा तोकिएका खाताहरु खोली कारोवार गर्न सकिने व्यवस्था रहेको छ ।उक्त व्यवस्था अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालय, पोखराको नाममा नेपाल राष्ट्र बैंक, पोखरामा गण्डकी प्रदेश सरकारका निम्नानुसारका खाता सञ्चालनमा रहेका छन् ।

क्र.स.	खाता नं.	खाताको नाम	मौज्दात (आ.व. २०८२/०८३)
१	१८००२०१/००२.००२.५२४	ख-१.१ राजस्व अनुदान तथा विविध प्राप्ति खाता	-
२	१८००२०१/००२.०११.५२४	ख-१.३ निकासा खर्च खाता	-
३	१८००२०१/००२.०००.५२४	ख-१.४ सञ्चित कोष मिलान खाता	३,७७,५२,८२,९०२.२९
४	१८००२०१/००२.१२१.५२४	ख-१.२.१ शेयर विक्रि प्राप्ति खाता	-
५	१८००२०१/००२.१२२.५२४	ख-१.२.२ ऋण (साँवा) फिर्ता प्राप्ति खाता	-
६	१८००२०१/००२.००५.५२४	ख-१.२.३ आन्तरिक ऋण प्राप्ति खाता	-
७	१८००२०१/००२.००३.५२४	ख-१.२.४ बैदेशिक ऋण प्राप्ति खाता	-
८	१८००२०१/००२.०२४.५२४	ख-२.४ विशेष खाता (ऋण)	-
९	१८००२०१/००२.०२५.५२४	ख-२.५ विशेष खाता (अनुदान)	-
१०	१८००२०१/००२.०२७.५२४	ख-२.७ कार्य सञ्चालन शोधभर्ना	-
११	१८००२०१/००२.०१०.५२४	ख-३.१ प्रदेश आकस्मिक कोष खाता	६,००,००,०००.००
१२	१८००२०१/००२.०३२.५२४	ख-३.२ प्रकोप व्यवस्थापन खाता	-
१३	१८००२०१/००२.००७.५२४	ख-४.१ प्रदेश विभाज्य कोष खाता	५,२४,४०,७६१.१०
१४	१८००२०१/००२.००८.५२४	ख-४.२ स्थानीय विभाज्य कोष खाता	-

खण्ड (ख) गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष १०८२।०८३ को एकीकृत वार्षिक वित्तीय विवरण

(नेपाल सार्वजनिक क्षेत्र लेखामान- NEPAL PUBLIC SECTOR ACCOUNTING STANDARD (NPSAS) मा आधारित)

☎ : ०६१-४५७८०९/४५७८०८/४५७७४९
: pfcogandaki@gmail.com
: https://pfco.gandaki.gov.np

उत्तरदायीत्वको स्पष्टोक्ति

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३ बमोजिम सञ्चालित सङ्घीय सञ्चित कोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र बजेट तथा गैर बजेटरी निकायको विनियोजन, राजस्व, धरौटी तथा अन्य कोषहरू सहितको विवरणहरूलाई समेटी ऐनको दफा २८ को उपदफा (१) एवम् प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ६५ को उपनियम (४) बमोजिम आर्थिक वर्ष २०८२।०८३ को केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण तयार गरिएको छ।

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४९ को उपनियम (१) बमोजिम नेपाल सरकारले अपनाएको नगदमा आधारित दोहोरो लेखा प्रणाली अनुसार राखिएको लेखाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ को उपदफा (४) बमोजिम महालेखापरीक्षकबाट स्वीकृत गरिएको लेखा ढाँचा र ऐनको दफा ५ को उपदफा (२) बमोजिम नेपाल सरकारले स्वीकृत गरेको नेपाल सार्वजनिक क्षेत्र लेखामान, २०७९ को मानदण्डमा आधारित भई यो वित्तीय विवरण तयार गरिएको छ। यो विवरणले नेपाल सरकारका निकायहरूको आर्थिक वर्ष २०८२।०८३ को अन्त्यको वित्तीय स्थिति र कारोवारहरुलाई प्रतिविम्बित गरेको छ। उपर्युक्त वित्तीय विवरण कानुनी प्रावधान सम्मत रहनुका साथै पूर्ण र विश्वसनीय छन्।

.....
(सुरेश सुवेदी)
प्रदेश लेखा नियन्त्रक

गण्डकी प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालय

प्रदेश लेखा नियन्त्रक कार्यालय, कास्की

गण्डकी प्रदेश सरकारको एकीकृत वित्तीय विवरण
आर्थिक वर्ष – २०८२।०८३

संलग्न वित्तीय विवरणहरु:

१. प्रदेश सरकारको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)
२. प्राप्ति र भुक्तानीको वार्षिक प्रतिवेदन (बजेट निकाय)
३. प्राप्ति र भुक्तानीको वार्षिक प्रतिवेदन (गैरबजेट निकाय)
४. बजेट तुलनात्मक विवरण (बजेट निकाय)
५. प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण
६. प्रदेश विभाज्य कोषको वार्षिक विवरण
७. सेवा तथा कार्यक्रमगत खर्चको एकीकृत विवरण
८. लेखा नीति तथा टिप्पणीहरु
९. अनुसूचीहरु

मिति: २०८३।०७।१५

गण्डकी प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालय

प्रदेश लेखा नियन्त्रक कार्यालय

प्रदेश सरकारको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

आर्थिक वर्ष: २०८२/०८३

तालिका १ प्रदेश सरकारको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं.		चालु आर्थिक वर्षको कारोबार				गत आर्थिक वर्ष को कारोबार		
				नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१	**प्राप्ति**			१	२	३ =१+२		४	५	६ =४+५
	राजस्व, अनुदान र अन्य प्राप्ति			२३,६६४,२२९,६९७.५८	-	२३,६६४,२२९,६९७.५८		२२,४५८,७८२,३७८.७७	-	२२,४५८,७८२,३७८.७७
११०००	कर राजस्व	१		११,६९४,७४९,५९२.००	-	११,६९४,७४९,५९२.००		१०,५४७,०३७,१३६.३४	-	१०,५४७,०३७,१३६.३४
१४०००	अन्य राजस्व	१		२,२२८,२९८,७१३.११	-	२,२२८,२९८,७१३.११		१,७८२,७४६,९६७.१३	-	१,७८२,७४६,९६७.१३
१३०००	अनुदान	१.३		९,४१४,६१२,२०२.४५	-	९,४१४,६१२,२०२.४५		९,९७५,११४,७८९.२७	-	९,९७५,११४,७८९.२७
	अन्य प्राप्ति			३२६,५६९,१९०.०२	-	३२६,५६९,१९०.०२		१५३,८८३,४८६.०३	-	१५३,८८३,४८६.०३
१५०००	बेरूजु , निकासा फिर्ता र अनुदान फिर्ता	१		३२६,५६९,१९०.०२	-	३२६,५६९,१९०.०२		१५३,८८३,४८६.०३	-	१५३,८८३,४८६.०३
	लगानी तथा वित्तीय प्राप्ति			-	-	-		-	-	-
३२१५६ - ५९	सेयर बिक्री तथा विनिवेश	२.१		-	-	-		-	-	-
३२१४७ - ४९	आन्तरिक ऋण लगानी फिर्ता प्राप्ति	२.२		-	-	-		-	-	-
३२२४२	वैदेशिक ऋण लगानी फिर्ता प्राप्ति	२.२		-	-	-		-	-	-
३३१४१ - ४४	आन्तरिक ऋण प्राप्ति	२.३		-	-	-		-	-	-

क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं.		चालु आर्थिक वर्षको कारोबार				गत आर्थिक वर्ष को कारोबार		
				नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१	प्राप्ति			१	२	३ =१+२		४	५	६ =४+५
३३२४१	वैदेशिक ऋण प्राप्ति	२.४		-	-	-		-	-	-
क.	कुल जम्मा प्राप्ति			२३,६६४,२२९,६९७.५८	-	२३,६६४,२२९,६९७.५८		२२,४५८,७८२,३७८.७७	-	२२,४५८,७८२,३७८.७७
२	भुक्तानी									-
२.१	चालु खर्च			७,५५२,४७८,२४५.१३	-	७,५५२,४७८,२४५.१३		७,८६९,६४२,३७५.३२	-	७,८६९,६४२,३७५.३२
२१०००	पारिश्रमिक / सुविधा खर्च	३.१		१,८४४,४४८,४६४.०२	-	१,८४४,४४८,४६४.०२		१,७३०,६५०,००९.६०	-	१,७३०,६५०,००९.६०
२२०००	मालसमान तथा सेवाको उपभोग खर्च	३.१		३,३८४,४३५,६६९.१५	-	३,३८४,४३५,६६९.१५		३,५८४,०४४,८८३.१६	-	३,५८४,०४४,८८३.१६
२४०००	ब्याज, सेवा शुल्क तथा बैङ्क कमिशन	३.१		-	-	-		-	-	-
२५०००	सहायता खर्च	३.१		-	-	-		-	-	-
२६०००	अनुदान खर्च	३.१		२,०३९,९४८,६४४.२३	-	२,०३९,९४८,६४४.२३		२,२५६,३९३,६५३.०१	-	२,२५६,३९३,६५३.०१
२७०००	सामाजिक सुरक्षा खर्च	३.१		२४३,३६७,७४६.२२	-	२४३,३६७,७४६.२२		२५३,२६२,६४२.५५	-	२५३,२६२,६४२.५५
२८०००	अन्य	३.१		४०,२७७,७२१.५१	-	४०,२७७,७२१.५१		४५,२९१,१८७.००	-	४५,२९१,१८७.००
३१०००	पुँजीगत खर्च			१३,०६६,४२०,०४८.४९	-	१३,०६६,४२०,०४८.४९		१५,०७४,४२०,६३१.२७	-	१५,०७४,४२०,६३१.२७
३११००	स्थिर सम्पत्ति प्राप्ति खर्च			१३,०६६,४२०,०४८.४९	-	१३,०६६,४२०,०४८.४९		१५,०७४,४२०,६३१.२७	-	१५,०७४,४२०,६३१.२७
३१११०	भवन तथा संरचना	३.२		४४०,३४७,७९०.०१	-	४४०,३४७,७९०.०१		६४९,४३५,३५९.५४	-	६४९,४३५,३५९.५४

क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं.		चालु आर्थिक वर्षको कारोबार				गत आर्थिक वर्ष को कारोबार		
				नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१	**प्राप्ति**			१	२	३ =१+२		४	५	६ =४+५
३११२०	सवारी साधन तथा मेशिनरी औजार	३.२		२९०,९३२,८५४.७४	-	२९०,९३२,८५४.७४		३६०,९५१,२६८.८२	-	३६०,९५१,२६८.८२
३११३० - ४०	अन्य पुँजीगत खर्च	३.२		५,८४१,४४९.००	-	५,८४१,४४९.००		९,८८२,७१३.९६	-	९,८८२,७१३.९६
३११५०	सार्वजनिक निर्माण	३.२		१२,१५५,०७२,४९५.६०	-	१२,१५५,०७२,४९५.६०		१३,९२७,३२६,०६८.०३	-	१३,९२७,३२६,०६८.०३
३११७०	पुँजीगत सुधार खर्च	३.२		१७४,२२५,४५९.१४	-	१७४,२२५,४५९.१४		१२६,८२५,२२०.९२	-	१२६,८२५,२२०.९२
३१४००	**प्राकृतिक सम्पत्ति खर्च**			-	-	-		-		-
३१४१०	जग्गा प्राप्ति	३.२		-	-	-		-	-	-
३१४४०	अपृष्य सम्पत्ति प्राप्ति खर्च (Intangible)	३.२		-	-	-		-	-	-
३२०००	**वित्तीय व्यवस्था**			-	-	-		-	-	-
३३१४५-४७	आन्तरिक ऋणको साँवा भुक्तानी	४.२		-	-	-		-	-	-
३३२४२	बाह्य ऋणको साँवा भुक्तानी	४.२		-	-	-		-	-	-
३२१४१ -४३	आन्तरिक ऋण लगानी	४.१		-	-	-		-	-	-
३२१५१ -५२	आन्तरिक सेयर लगानी	४.१		-	-	-		-	-	-
३२२४१	बाह्य ऋण लगानी	४.१		-	-	-		-	-	-
३२२५१	बाह्य सेयर लगानी	४.१		-	-	-		-	-	-
ख.	**कुल जम्मा भुक्तानी**			२०,६१८,८९८,२९३.६२	-	२०,६१८,८९८,२९३.६२		२२,९४४,०६३,००६.५९	-	२२,९४४,०६३,००६.५९

क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं.		चालु आर्थिक वर्षको कारोबार				गत आर्थिक वर्ष को कारोबार		
				नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१	प्राप्ति			१	२	३ =१+२		४	५	६ =४+५
ग.	बचत /कमी (ग = क-ख)			३,०४५,३३१,४०३.९६	-	३,०४५,३३१,४०३.९६		(४८५,२८०,६२७.८२)	-	(४८५,२८०,६२७.८२)
घ.	घौरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	५		(११,३८३,७७७.२७)	-	(११,३८३,७७७.२७)		२८२,४१८,६३६.५६	-	२८२,४१८,६३६.५६
ङ.	यस आर्थिक वर्षको नगद तथा बैङ्क मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)			३,०३३,९४७,६२६.६९	-	३,०३३,९४७,६२६.६९		(२०२,८६१,९९१.२६)	-	(२०२,८६१,९९१.२६)
च.	गत आर्थिक वर्षको नगद तथा बैङ्क मौज्दात			३,४५२,३४७,४९७.२१	-	३,४५२,३४७,४९७.२१		३,६५७,००३,७०७.५७	-	३,६५७,००३,७०७.५७
छ.	विनिमय नाफा/घाटा तथा अन्य समायोजन			१,२१८,२६५.६६	-	१,२१८,२६५.६६		५७५,९५३.४४	-	५७५,९५३.४४
ज.	आर्थिक वर्ष अन्तको बाँकी नगद तथा बैङ्क मौज्दात (ज= ङ+च+छ)			६,४८७,५१३,३८९.५६	-	६,४८७,५१३,३८९.५६		३,४५२,३४७,४९७.२१	-	३,४५२,३४७,४९७.२१

नोटः गैरबजेट निकायलाई प्रदान गरिएको अनुदान रकम दोहोरो गणना नहुनेगरी प्राप्ति र भुक्तानीमा घटाइएको छ।

....

तयार गर्नेको सहीः प्रदेश लेखा नियन्त्रकको सहीः महालेखापरीक्षकको सहीः

नामः नामः नामः

पदः पदः पदः

मितिः मितिः मितिः

गण्डकी प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालय

प्रदेश लेखा नियन्त्रक कार्यालय

प्राप्ति र भुक्तानीको वार्षिक प्रतिवेदन (बजेट निकाय)

आर्थिक वर्ष: २०८२/०८३

तालिका २ - प्राप्ति र भुक्तानीको वार्षिक प्रतिवेदन (बजेट निकाय)

क्र.स./आर्थिक सङ्केत	बिवरण	टिप्पणी नं		चालु आर्थिक वर्षको कारोबार				गत आर्थिक वर्ष को कारोबार		
				नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१	**प्राप्ति**			१	२	३ =१+२		४	५	६ =४+५
	राजस्व, अनुदान र अन्य प्राप्ति			२३,६११,८५८,१४९.०३	-	२३,६११,८५८,१४९.०३		२२,४१५,४५३,०९३.६९	-	२२,४१५,४५३,०९३.६९
११०००	कर राजस्व	१		११,६९४,७४९,५९२.००		११,६९४,७४९,५९२.००		१०,५४७,०३७,१३६.३४		१०,५४७,०३७,१३६.३४
१४०००	अन्य राजस्व	१		२,१७५,९२७,१६४.५६		२,१७५,९२७,१६४.५६		१,७४१,४३७,६८२.०५		१,७४१,४३७,६८२.०५
१३०००	अनुदान	१.३		९,४१४,६१२,२०२.४५	-	९,४१४,६१२,२०२.४५		९,९७३,०९४,७८९.२७	-	९,९७३,०९४,७८९.२७
	अन्य प्राप्ति			३२६,५६९,१९०.०२	-	३२६,५६९,१९०.०२		१५३,८८३,४८६.०३	-	१५३,८८३,४८६.०३
१५०००	बेरूजु , निकासा फिर्ता र अनुदान फिर्ता	१		३२६,५६९,१९०.०२		३२६,५६९,१९०.०२		१५३,८८३,४८६.०३		१५३,८८३,४८६.०३
	लगानी तथा वित्तीय प्राप्ति			-	-	-		-	-	-
३२१५६ - ५९	सेयर बिक्री तथा विनिवेश	२.१		-		-		-		-
३२१४७ - ४९	आन्तरिक ऋण लगानी फिर्ता प्राप्ति	२.२		-		-		-		-
३२२४२	वैदेशिक ऋण लगानी फिर्ता प्राप्ति	२.२		-		-		-		-
३३१४१ - ४४	आन्तरिक ऋण प्राप्ति	२.३		-		-		-		-
३३२४१	वैदेशिक ऋण प्राप्ति	२.४		-	-	-		-	-	-
क.	**कुल जम्मा प्राप्ति**			२३,६११,८५८,१४९.०३	-	२३,६११,८५८,१४९.०३		२२,४१५,४५३,०९३.६९	-	२२,४१५,४५३,०९३.६९
२	**भुक्तानी**									

क्र.स./आर्थिक सङ्केत	बिवरण	टिप्पणी नं		चालु आर्थिक वर्षको कारोबार				गत आर्थिक वर्ष को कारोबार		
				नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१	**प्राप्ति**			१	२	३ =१+२		४	५	६ =४+५
२.१	**चालु खर्च**			७,५६१,५०८,७१५.६६	-	७,५६१,५०८,७१५.६६		७,९०१,३२१,६००.१७	-	७,९०१,३२१,६००.१७
२१०००	पारिश्रमिक / सुविधा खर्च	३.१		१,७७७,९९८,४९१.५८	-	१,७७७,९९८,४९१.५८		१,६७६,५७७,१४५.४५	-	१,६७६,५७७,१४५.४५
२२०००	मालसमान तथा सेवाको उपभोग खर्च	३.१		३,३३१,९९८,०९२.६०	-	३,३३१,९९८,०९२.६०		३,५४५,५२४,९७२.१६	-	३,५४५,५२४,९७२.१६
२४०००	ब्याज, सेवा शुल्क तथा बैङ्क कमिशन	३.१		-	-	-		-	-	-
२५०००	सहायता खर्च	३.१		-	-	-		-	-	-
२६०००	अनुदान खर्च	३.१		२,१७२,७८३,०१६.२३	-	२,१७२,७८३,०१६.२३		२,३८६,४९३,६५३.०१	-	२,३८६,४९३,६५३.०१
२७०००	सामाजिक सुरक्षा खर्च	३.१		२४३,३६७,७४६.२२	-	२४३,३६७,७४६.२२		२५३,२६२,६४२.५५	-	२५३,२६२,६४२.५५
२८०००	अन्य	३.१		३५,३६१,३६९.०३	-	३५,३६१,३६९.०३		३९,४६३,१८७.००	-	३९,४६३,१८७.००
३१०००	**पुँजीगत खर्च**			१२,९८७,९८४,५७०.३७	-	१२,९८७,९८४,५७०.३७		१४,९९०,९२४,४७३.२८	-	१४,९९०,९२४,४७३.२८
३११००	**स्थिर सम्पत्ति प्राप्ति खर्च**			१२,९८७,९८४,५७०.३७	-	१२,९८७,९८४,५७०.३७		१४,९९०,९२४,४७३.२८	-	१४,९९०,९२४,४७३.२८
३१११०	भवन तथा संरचना	३.२		३६७,६०९,९४६.८९	-	३६७,६०९,९४६.८९		५८१,६७१,४५८.७९	-	५८१,६७१,४५८.७९
३११२०	सवारी साधन तथा मेशिनरी औजार	३.२		२८६,०६७,३७२.७४	-	२८६,०६७,३७२.७४		३५२,३९७,८१०.५३	-	३५२,३९७,८१०.५३
३११३० - ४०	अन्य पुँजीगत खर्च	३.२		५,१६०,९४०.००	-	५,१६०,९४०.००		४,७१०,७०१.००	-	४,७१०,७०१.००
३११५०	सार्वजनिक निर्माण	३.२		१२,१५५,०७२,४९५.६०	-	१२,१५५,०७२,४९५.६०		१३,९२७,३२६,०६८.०३	-	१३,९२७,३२६,०६८.०३
३११७०	पुँजीगत सुधार खर्च	३.२		१७४,०७३,८१५.१४	-	१७४,०७३,८१५.१४		१२४,८१८,४३४.९३	-	१२४,८१८,४३४.९३
३१४००	**प्राकृतिक सम्पत्ति खर्च**			-	-	-		-	-	-
३१४१०	जग्गा प्राप्ति	३.२		-	-	-		-	-	-
३१४४०	अपृष्य सम्पत्ति प्राप्ति खर्च (Intangible)	३.२		-	-	-		-	-	-

क्र.स./आर्थिक सङ्केत	बिवरण	टिप्पणी नं		चालु आर्थिक वर्षको कारोबार				गत आर्थिक वर्ष को कारोबार		
				नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१	प्राप्ति			१	२	३ =१+२		४	५	६ =४+५
३२०००	**वित्तीय व्यवस्था**			-	-	-		-	-	-
३३१४५-४७	आन्तरिक ऋणको साँवा भुक्तानी	४.२		-	-	-		-	-	-
३३२४२	बाह्य ऋणको साँवा भुक्तानी	४.२		-	-	-		-	-	-
३२१४१ -४३	आन्तरिक ऋण लगानी	४.१		-	-	-		-	-	-
३२१५१ -५२	आन्तरिक सेयर लगानी	४.१		-	-	-		-	-	-
३२२४१	बाह्य ऋण लगानी	४.१		-	-	-		-	-	-
३२२५१	बाह्य सेयर लगानी	४.१		-	-	-		-	-	-
ख.	**कुल जम्मा भुक्तानी**			**२०,५४९,४९३,२८६.०३**	**-**	**२०,५४९,४९३,२८६.०३**		**२२,८९२,२४६,०७३.४५**	**-**	**२२,८९२,२४६,०७३.४५**
ग.	**बचत /कमी (ग = क-ख)**			**३,०६२,३६४,८६३.००**	**-**	**३,०६२,३६४,८६३.००**		**(४७६,७९२,९७९.७६)**	**-**	**(४७६,७९२,९७९.७६)**
घ.	**धौरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**	५		**(१०,९२४,०९६.८८)**		**(१०,९२४,०९६.८८)**		**२८१,५४६,८२८.८८**		**२८१,५४६,८२८.८८**
ङ.	**यस आर्थिक वर्षको नगद तथा बैङ्क मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**			**३,०५१,४४०,७६६.१२**	**-**	**३,०५१,४४०,७६६.१२**		**(१९५,२४६,१५०.८८)**	**-**	**(१९५,२४६,१५०.८८)**
च.	गत आर्थिक वर्षको नगद तथा बैङ्क मौज्दात			**३,४०४,७८६,५३१.४९**	**-**	**३,४०४,७८६,५३१.४९**		**३,६००,०३२,६८२.३७**	**-**	**३,६००,०३२,६८२.३७**
छ.	विनिमय नाफा/घाटा तथा अन्य समायोजन					-				-
ज.	**आर्थिक वर्ष अन्तको बाँकी नगद तथा बैङ्क मौज्दात (ज= ङ+च+छ)**			**६,४५६,२२७,२९७.६१**	**-**	**६,४५६,२२७,२९७.६१**		**३,४०४,७८६,५३१.४९**	**-**	**३,४०४,७८६,५३१.४९**

....

तयार गर्नेको सहीः प्रदेश लेखा नियन्त्रकको सही: महालेखापरीक्षकको सहीः

नामः
पदः
मितिः

नामः
पदः
मितिः

नामः
पदः
मितिः

गण्डकी प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालय

प्रदेश लेखा नियन्त्रक कार्यालय

प्राप्ति र भुक्तानीको वार्षिक प्रतिवेदन (गैरबजेट निकाय)

आर्थिक वर्ष: २०८२/०८३

तालिका ३ - प्राप्ति र भुक्तानीको वार्षिक प्रतिवेदन (गैरबजेट निकाय)

क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं		चालु आर्थिक वर्ष को कारोबार				गत आर्थिक वर्ष को कारोबार		
				नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१	**प्राप्ति**			१	२	३=१+२		४	५	६=४+५
	राजस्व, अनुदान र अन्य प्राप्ति			**१८५,२०५,९२०.५५**	**-**	**१८५,२०५,९२०.५५**		**१७३,४२९,२८५.०८**	**-**	**१७३,४२९,२८५.०८**
११०००	कर राजस्व	१		-		**-**		**-**		**-**
१४०००	अन्य राजस्व	१		५२,३७१,५४८.५५		**५२,३७१,५४८.५५**		**४१,३०९,२८५.०८**		**४१,३०९,२८५.०८**
१३०००	अनुदान	१.३		१३२,८३४,३७२.००	-	**१३२,८३४,३७२.००**		**१३२,१२०,०००.००**		**१३२,१२०,०००.००**
	अन्य प्राप्ति			-	-	**-**		-	-	**-**
१५०००	बेरूजु , निकासा फिर्ता र अनुदान फिर्ता	१		-	-	**-**		**-**		**-**
	लगानी तथा वित्तीय प्राप्ति			**-**	-	**-**		-	-	**-**
३२१५६ - ५९	सेयर बिक्री तथा विनिवेश	२.१		-		**-**		**-**		**-**
३२१४७ - ४९	आन्तरिक ऋण लगानी फिर्ता प्राप्ति	२.२		-		**-**		**-**		**-**
३२२४२	वैदेशिक ऋण लगानी फिर्ता प्राप्ति	२.२		-		**-**		**-**		**-**
३३१४१ - ४४	आन्तरिक ऋण प्राप्ति	२.३		-	-	**-**		**-**	**-**	**-**

क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं		चालु आर्थिक वर्ष को कारोबार				गत आर्थिक वर्ष को कारोबार		
				नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१	**प्राप्ति**			१	२	३=१+२		४	५	६=४+५
३३२४१	वैदेशिक ऋण प्राप्ति	२.४		-	-	-		-	-	-
क.	**कुल जम्मा प्राप्ति**			**१८५,२०५,९२०.५५**	**-**	**१८५,२०५,९२०.५५**		**१७३,४२९,२८५.०८**	**-**	**१७३,४२९,२८५.०८**
२	**भुक्तानी**									
२.१	**चालु खर्च**			**१२३,८०३,९०१.४७**	**-**	**१२३,८०३,९०१.४७**		९८,४२०,७७५.१५	-	**९८,४२०,७७५.१५**
२१०००	पारिश्रमिक / सुविधा खर्च	३.१		६६,४४९,९७२.४४	-	**६६,४४९,९७२.४४**		५४,०७२,८६४.१५	-	**५४,०७२,८६४.१५**
२२०००	मालसमान तथा सेवाको उपभोग खर्च	३.१		५२,४३७,५७६.५५	-	**५२,४३७,५७६.५५**		३८,५१९,९११.००	-	**३८,५१९,९११.००**
२४०००	ब्याज, सेवा शुल्क तथा बैङ्क कमिशन	३.१		-	-	-		-	-	-
२५०००	सहायता खर्च	३.१		-	-	-		-	-	-
२६०००	अनुदान खर्च	३.१		-	-	-		-	-	-
२७०००	सामाजिक सुरक्षा खर्च	३.१		-	-	-		-	-	-
२८०००	अन्य	३.१		४,९१६,३५२.४८	-	**४,९१६,३५२.४८**		५,८२८,०००.००	-	**५,८२८,०००.००**
३१०००	**पुँजीगत खर्च**			**७८,४३५,४७८.१२**	**-**	**७८,४३५,४७८.१२**		८३,४९६,१५७.९९	-	**८३,४९६,१५७.९९**
३११००	**स्थिर सम्पत्ति प्राप्ति खर्च**			**७८,४३५,४७८.१२**	**-**	**७८,४३५,४७८.१२**		८३,४९६,१५७.९९	-	**८३,४९६,१५७.९९**
३१११०	भवन तथा संरचना	३.२		७२,७३७,८४३.१२	-	**७२,७३७,८४३.१२**		६७,७६३,९००.७५	-	**६७,७६३,९००.७५**
३१११२०	सवारी साधन तथा मेशिनरी औजार	३.२		४,८६५,४८२.००	-	**४,८६५,४८२.००**		८,५५३,४५८.२९	-	**८,५५३,४५८.२९**
३११३० - ४०	अन्य पुँजीगत खर्च	३.२		६८०,५०९.००	-	**६८०,५०९.००**		५,१७२,०१२.९६	-	**५,१७२,०१२.९६**
३११५०	सार्वजनिक निर्माण	३.२		-	-	-		-	-	-
३११७०	पुँजीगत सुधार खर्च	३.२		१५१,६४४.००	-	**१५१,६४४.००**		२,००६,७८५.९९	-	**२,००६,७८५.९९**

क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं		चालु आर्थिक वर्ष को कारोबार				गत आर्थिक वर्ष को कारोबार		
				नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१	प्राप्ति			१	२	३=१+२		४	५	६=४+५
३१४००	**प्राकृतिक सम्पत्ति खर्च**	३.२		**-**	**-**	**-**		-	-	**-**
३१४१०	जग्गा प्राप्ति	३.२		-	-	**-**		-	-	**-**
३१४४०	अपृष्य सम्पत्ति प्राप्ति खर्च (Intangible)			-	-	**-**		-	-	**-**
३२०००	**वित्तीय व्यवस्था**			-	-	**-**		-	-	**-**
३३१४५-४७	आन्तरिक ऋणको साँवा भुक्तानी	४.२		-		**-**		-	-	**-**
३३२४२	बाह्य ऋणको साँवा भुक्तानी	४.२		-		**-**		-	-	**-**
३२१४१ -४३	आन्तरिक ऋण लगानी	४.१		-	-	**-**		-	-	**-**
३२१५१ -५२	आन्तरिक सेयर लगानी	४.१		-	-	**-**		-	-	**-**
३२२४१	बाह्य ऋण लगानी	४.१		**-**	**-**	**-**		-	-	**-**
३२२५१	बाह्य सेयर लगानी	४.१		**-**	**-**	**-**		-	-	**-**
ख.	**कुल जम्मा भुक्तानी**			**२०२,२३९,३७९.५९**	**-**	**२०२,२३९,३७९.५९**		**१८१,९१६,९३३.१४**	**-**	**१८१,९१६,९३३.१४**
ग.	**बचत /कमी (ग = क-ख)**			**(१७,०३३,४५९.०४)**	**-**	**(१७,०३३,४५९.०४)**		**(८,४८७,६४८.०६)**	**-**	**(८,४८७,६४८.०६)**
घ.	**धौरौटी, लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**	५		(४५९,६८०.३९)	**-**	**(४५९,६८०.३९)**		(१०,०९०,८००.२१)	**-**	**(१०,०९०,८००.२१)**
ङ.	**यस आर्थिक वर्षको नगद तथा बैङ्क मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**			**(१७,४९३,१३९.४३)**	**-**	**(१७,४९३,१३९.४३)**		**(१८,५७८,४४८.२७)**	**-**	**(१८,५७८,४४८.२७)**
च.	गत आर्थिक वर्षको नगद तथा बैङ्क मौज्दात			**४७,५६०,९६५.७२**	**-**	**४७,५६०,९६५.७२**		**५१,७७९,१५९.८१**	**-**	**५१,७७९,१५९.८१**

क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं		चालु आर्थिक वर्ष को कारोबार				गत आर्थिक वर्ष को कारोबार		
				नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१	**प्राप्ति**			१	२	३=१+२		४	५	६=४+५
छ.	विनिमय नाफा/घाटा तथा अन्य समायोजन			१,२१८,२६५.६६	-	**१,२१८,२६५.६६**		(१३,७३९,८६६.७९)	-	**(१३,७३९,८६६.७९)**
ज.	**आर्थिक वर्ष अन्तको बाँकी नगद तथा बैङ्क मौज्दात (ज= ङ+च+छ)**			**३१,२८६,०९१.९५**	-	**३१,२८६,०९१.९५**		**४७,५६०,९६५.७२**	-	**४७,५६०,९६५.७२**

.....
तयार गर्नेको सहीः
नामः
पदः
मितिः

.....
प्रदेश लेखा नियन्त्रकको सही:
नामः
पदः
मितिः

.....
महालेखापरीक्षकको सहीः
नामः
पदः
मितिः

गण्डकी प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालय

प्रदेश लेखा नियन्त्रक कार्यालय

बजेट तुलनात्मक विवरण (बजेट निकाय)

आर्थिक वर्ष: २०८२/०८३

तालिका ४ - बजेट तुलनात्मक विवरण (बजेट निकाय)

क्र.सं.	विवरण	टिप्पणी नं.	चालु आर्थिक वर्ष			गत आर्थिक वर्ष		
			सुरु बजेट/अनुमान	अन्तिम कायम बजेट/अनुमान	यथार्थ प्राप्ति /भुक्तानी	सुरु बजेट/अनुमान	अन्तिम कायम बजेट/अनुमान	यथार्थ प्राप्ति /भुक्तानी
१	**राजस्व, अनुदान र अन्य प्राप्ति (७+८)**		३०,२२९,९९९,०००.००	३०,२२९,९९९,०००.००	२१,४८७,१५९,८५७.७२	३०,७९२,९७५,०००.००	३२,१२२,५७५,०००.००	१९,०८६,३०४,५४४.६७
२	**राजस्व र अन्य प्राप्ति (३+४+५)**		१७,९९६,३९९,०००.००	१७,९९६,३९९,०००.००	१४,१९७,२४५,९४६.५८	१८,१९४,९७५,०००.००	१९,०३८,९७५,०००.००	११,२५४,६४३,५२५.२२
३	कर	१.१	१२,४३०,६१८,०००.००	१२,४३०,६१८,०००.००	११,६९४,७४९,५९२.००	११,९६८,७६९,०००.००	१२,८०८,७६९,०००.००	९,३५९,३२२,३५७.१४
४	अन्य राजस्व	१.१	३,१३०,६८७,०००.००	३,१३०,६८७,०००.००	२,१७५,९२७,१६४.५६	२,९११,३८८,०००.००	२,९१५,३८८,०००.००	१,७४१,४३७,६८२.०५
५	विविध प्राप्ति	१.१	२,४३५,०९४,०००.००	२,४३५,०९४,०००.००	३२६,५६९,१९०.०२	३,३१४,८१८,०००.००	३,३१४,८१८,०००.००	१५३,८८३,४८६.०३
६	अन्य तहका सरकालाई राजस्व बाँडफाँट गरिएको/हुने राजस्व	१.४	-	-	२,१२४,६९८,२९१.३१	-	-	२,१४१,४३३,७६९.८२
७	**संघिय सञ्चित कोषमा दाखिला हुने राजस्व (२-६)**		१७,९९६,३९९,०००.००	१७,९९६,३९९,०००.००	१२,०७२,५४७,६५५.२७	१८,१९४,९७५,०००.००	१९,०३८,९७५,०००.००	९,११३,२०९,७५५.४०
८	अनुदान	१.३	१२,२३३,६००,०००.००	१२,२३३,६००,०००.००	९,४१४,६१२,२०२.४५	१२,५९८,०००,०००.००	१३,०८३,६००,०००.००	९,९७३,०९४,७८९.२७
९	**खर्च (१०+११)**		३१,७२९,९९९,०००.००	३१,७२९,९९९,०००.००	२०,५४९,४९३,२८६.०३	३२,६७८,५७५,०००.००	३२,६७८,५७५,०००.००	२२,८९२,२४६,०७३.४५
१०	**चालु खर्च**		१२,६३६,६७५,०००.००	१२,४६६,९२१,०००.००	७,५६१,५०८,७१५.६६	१३,१६०,५८२,०००.००	१३,१३५,४८२,०००.००	७,९०१,३२१,६००.१७

क्र.सं.	विवरण	टिप्पणी नं.		चालु आर्थिक वर्ष				गत आर्थिक वर्ष		
				सुरु बजेट/अनुमान	अन्तिम कायम बजेट/अनुमान	यथार्थ प्राप्ति /भुक्तानी		सुरु बजेट/अनुमान	अन्तिम कायम बजेट/अनुमान	यथार्थ प्राप्ति /भुक्तानी
	पारिश्रमिक/सुविधा	३.१		२,८७६,०८७,०००.००	२,८७५,५०४,०००.००	१,७७७,९९८,४९१.५८		२,६३९,५७९,०००.००	२,६६९,२४६,६००.००	१,६७६,५७७,१४५.४५
	मालसामान तथा सेवाको उपयोग	३.१		५,२९१,२६७,०००.००	५,११९,२५१,४४०.००	३,३३१,९९८,०९२.६०		४,९८९,१५८,०००.००	४,९८८,२८२,०००.००	३,५४५,५२४,९७२.१६
	ब्याज, सेवा शुल्क तथा बैङ्क कमिशन	३.१		३,०००,०००.००	३,०००,०००.००	-		६,०००,०००.००	६,०००,०००.००	-
	सहायता	३.१		-	-	-		-	-	-
	अनुदान	३.१		२,७०७,२४१,०००.००	२,७६४,८७३,८२३.००	२,१७२,७८३,०१६.२३		२,९१५,१२८,०००.००	२,९३७,७४६,०००.००	२,३८६,४९३,६५३.०१
	सामाजिक सुरक्षा	३.१		४८५,०८६,०००.००	४८०,६८६,०००.००	२४३,३६७,७४६.२२		३५९,५३५,०००.००	४०५,४३७,०००.००	२५३,२६२,६४२.५५
	अन्य खर्च	३.१		१,२७३,९९४,०००.००	१,२२३,६०५,७३७.००	३५,३६१,३६९.०३		२,२५१,१८२,०००.००	२,१२८,७७०,४००.००	३९,४६३,१८७.००
११	**पुँजीगत खर्च**			१९,०९३,३२४,०००.००	१९,२६३,०७८,०००.००	१२,९८७,९८४,५७०.३७		१९,५१७,९९३,०००.००	१९,५४३,०९३,०००.००	१४,९९०,९२४,४७३.२८
	पुँजीगत खर्च	३.२		१९,०९३,३२४,०००.००	१९,२६३,०७८,०००.००	१२,९८७,९८४,५७०.३७		१९,५१७,९९३,०००.००	१९,५४३,०९३,०००.००	१४,९९०,९२४,४७३.२८
१२	**बजेट वचत(-)न्यून (+) (१-९)**			(१,५००,०००,०००.००)	(१,५००,०००,०००.००)	९३७,६६६,५७१.६९		(१,८८५,६००,०००.००)	(५५६,०००,०००.००)	(३,८०५,९४१,५२८.७८)
१३	**वित्तीय व्यवस्था (१४+१९+२२-२५)**			-	-	-		-	-	-
१४	**आन्तरिक वित्तीय सम्पत्ति (१५+१६+१७-१८)**			-	-	-		-	-	-
१५	सार्वजनिक संस्थानमा ऋण लगानी	४.१		-	-	-		-	-	-
१६	अन्य संस्थामा ऋण लगानी	४.१		-	-	-		-	-	-

क्र.सं.	विवरण	टिप्पणी नं.		चालु आर्थिक वर्ष				गत आर्थिक वर्ष		
				सुरु बजेट/अनुमान	अन्तिम कायम बजेट/अनुमान	यथार्थ प्राप्ति /भुक्तानी		सुरु बजेट/अनुमान	अन्तिम कायम बजेट/अनुमान	यथार्थ प्राप्ति /भुक्तानी
१७	संस्थानमा शेयर लगानी	४.१		-	-	-		-	-	-
१८	ऋण लगानी फिर्ता	२.२		-	-	-		-	-	-
१९	**बाह्य वित्तीय सम्पत्ती (२०+२१)**			-	-	-		-	-	-
२०	वैदेशिक ऋण लगानी	४.१		-	-	-		-	-	-
२१	वैदेशिक शेयर लगानी	४.१		-	-	-		-	-	-
२२	**आन्तरिक दायित्व (२३+२४)**			-	-	-		-	-	-
२३	अन्य संस्थाहरुबाट ऋण प्राप्ति (घटाउने)	२.३		-	-	-		-	-	-
२४	ऋणपत्र मार्फत प्राप्त ऋण साँवा भुक्तानी	४.२		-	-	-		-	-	-
२५	**बाह्य वित्तीय दायित्व (२६+२७)**	-		-	-	-		-	-	-
२६	वैदेशिक ऋणको प्राप्ति (घटाउने)	२.४		-	-	-		-	-	-
२७	वैदेशिक ऋण साँवा भुक्तानी	४.२		-	-	-		-	-	-
२८	**बजेट बचत (-) न्यून (+) (१२-१३)**			(१,५००,०००,०००.००)	(१,५००,०००,०००.००)	९३७,६६६,५७१.६९		(१,८८५,६००,०००.००)	(५५६,०००,०००.००)	(३,८०५,९४१,५२८.७८)

.....
तयार गर्नेको सहीः
नामः

.....
प्रदेश लेखा नियन्त्रकको सही:
नामः

.....
महालेखापरीक्षकको सहीः
नामः

पदः
मितिः

पदः
मितिः

पदः
मितिः

गण्डकी प्रदेश सरकार

आर्थिक मामिला मन्त्रालय

प्रदेश लेखा नियन्त्रक कार्यालय

प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण

आर्थिक वर्ष: २०८२/०८३

तालिका ५ - प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण

विवरण	टिप्पणी नं.		चालु आर्थिक वर्षको कारोबार				गत आर्थिक वर्ष को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
१	२		३	४	५=३+४		६	७	८=६+७
१. राजस्व, अनुदान र अन्य प्राप्ति			२३,६११,८५८,१४९.०३	-	२३,६११,८५८,१४९.०३		२२,४१५,४५३,०९३.६९	-	२२,४१५,४५३,०९३.६९
१.१. राजस्व			१३,८७०,६७६,७५६.५६	-	१३,८७०,६७६,७५६.५६		१२,२८८,४७४,८१८.३९	-	१२,२८८,४७४,८१८.३९
क. कर	१.२		११,६९४,७४९,५९२.००		११,६९४,७४९,५९२.००		१०,५४७,०३७,१३६.३४	-	१०,५४७,०३७,१३६.३४
ख. अन्य राजस्व	१.२		२,१७५,९२७,१६४.५६		२,१७५,९२७,१६४.५६		१,७४१,४३७,६८२.०५	-	१,७४१,४३७,६८२.०५
१.२. अनुदान			९,४१४,६१२,२०२.४५	-	९,४१४,६१२,२०२.४५		९,९७३,०९४,७८९.२७	-	९,९७३,०९४,७८९.२७
क. द्विपक्षिय वैदेशिक अनुदान	१.३		-	-	-		-	-	-
ख. बहुपक्षिय वैदेशिक अनुदान	१.३		-	-	-		-	-	-
ग. अन्तरसरकारी वितीय हस्तान्तरण	१.३		९,४१४,६१२,२०२.४५	-	९,४१४,६१२,२०२.४५		९,९७३,०९४,७८९.२७	-	९,९७३,०९४,७८९.२७
१.३. बेरूजु तथा अन्य प्राप्ति	१.२		३२६,५६९,१९०.०२		३२६,५६९,१९०.०२		१५३,८८३,४८६.०३	-	१५३,८८३,४८६.०३
२. वित्तीय व्यवस्थाबाट प्राप्ति			-	-	-		-	-	-
२.१. ऋण लगानी फिर्ता			-	-	-		-	-	
क. आन्तरिक ऋण लगानी फिर्ता	२.२		-		-		-		-

विवरण	टिप्पणी नं.		चालु आर्थिक वर्षको कारोबार				गत आर्थिक वर्ष को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
ख. वैदेशिक ऋण लगानी फिर्ता	२.२		-		-		-		-
२.२. शेयर बिक्री			-	-	-		-	-	-
क. आन्तरिक शेयर बिक्री	२.१		-		-		-		-
ख. वैदेशिक शेयर बिक्री	२.१		-		-		-		-
२.३. वैदेशिक ऋण प्राप्ति			-	-	-		-	-	-
क. बहुपक्षीय	२.४		-	-	-		-	-	-
ख. द्विपक्षीय			-	-	-		-	-	-
ग. अन्य					-				-
२.४ आन्तरिक ऋण			-	-	-		-	-	-
क. राष्ट्रिय बचतपत्र	२.३		-		-		-		-
ख. नागरिक बचतपत्र	२.३		-		-		-		-
ग. विकास ऋणपत्र	२.३		-		-		-		-
घ. वैदेशिक रोजगार बचतपत्र	२.३		-		-		-		-
ङ. विशेष ऋणपत्र	२.३		-		-		-		-
च. ब्याजमा आधारित ट्रेजरी बिल	२.३		-		-		-		-
छ. बट्टामा आधारित ट्रेजरी बिल	२.३				-		-		-
ज. अन्य	२.३		-		-		-		-
३. यस वर्षको खुद प्राप्ति (१+२)			२३,६११,८५८,१४९.०३	-	२३,६११,८५८,१४९.०३		२२,४१५,४५३,०९३.६९	-	२२,४१५,४५३,०९३.६९
४. भुक्तानी			२०,५४९,४९३,२८६.०३	-	२०,५४९,४९३,२८६.०३		२२,८९२,२४६,०७३.४५	-	२२,८९२,२४६,०७३.४५

विवरण	टिप्पणी नं.		चालु आर्थिक वर्षको कारोबार				गत आर्थिक वर्ष को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा		नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
४.१. सञ्चित कोष माथि व्ययभार हुने रकमबाट खर्च*			८,७४४,१५९.४०	-	८,७४४,१५९.४०		१०,०८६,१०६.१९	-	१०,०८६,१०६.१९
क. चालु खर्च	३.३		८,७४४,१५९.४०	-	८,७४४,१५९.४०		१०,०८६,१०६.१९	-	१०,०८६,१०६.१९
ख. वित्तीय खर्च	३.३		-	-	-		-	-	-
४.२. विनियोजन ऐनद्वारा भएको खर्च			२०,५४०,७४९,१२६.६३	-	२०,५४०,७४९,१२६.६३		२२,८८२,१५९,९६७.२६	-	२२,८८२,१५९,९६७.२६
क. चालु खर्च	३.४		७,५५२,७६४,५५६.२६	-	७,५५२,७६४,५५६.२६		७,८९१,२३५,४९३.९८	-	७,८९१,२३५,४९३.९८
ख. पुँजीगत खर्च	३.४		१२,९८७,९८४,५७०.३७	-	१२,९८७,९८४,५७०.३७		१४,९९०,९२४,४७३.२८	-	१४,९९०,९२४,४७३.२८
ग. वित्तीय खर्च	३.४		-	-	-		-	-	-
५. विनिमय दर वा अन्य समायोजन					-		-		-
६. यस वर्षको जम्मा भुक्तानी (४+५)			२०,५४९,४९३,२८६.०३	-	२०,५४९,४९३,२८६.०३		२२,८९२,२४६,०७३.४५	-	२२,८९२,२४६,०७३.४५
७. यस अवधिको कोषमा भएको थप घट (+/-) (३-६)			३,०६२,३६४,८६३.००	-	३,०६२,३६४,८६३.००		(४७६,७९२,९७९.७६)	-	(४७६,७९२,९७९.७६)
८. आर्थिक वर्षको सुरूवातको मौज्दात			७१२,९१८,०३९.२९	-	७१२,९१८,०३९.२९		१,१८९,७११,०१९.०५	-	१,१८९,७११,०१९.०५
९. आर्थिक वर्षको अन्त्यको मौज्दात (७+८)			३,७७५,२८२,९०२.२९	-	३,७७५,२८२,९०२.२९		७१२,९१८,०३९.२९	-	७१२,९१८,०३९.२९

....

तयार गर्नेको सहीः प्रदेश लेखा नियन्त्रकको सही: महालेखापरीक्षकको सहीः

नामः
पदः
मितिः

नामः
पदः
मितिः

नामः
पदः
मितिः

गण्डकी प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
प्रदेश लेखा नियन्त्रक कार्यालय

प्रदेश विभाज्य कोषको वार्षिक विवरण

आर्थिक वर्षः २०८२/०८३

तालिका ६ - प्रदेश विभाज्य कोषको वार्षिक विवरण

क्र.सं.	शीर्षक	विवरण	चालु आर्थिक वर्षको कारोबार								
			सङ्कलन रकम				बाँडफाँट भएको रकम				बाँडफाँट हुन बाँकी रकम
			सङ्घीय सरकार	प्रदेश सरकार	स्थानीय तह	जम्मा	सङ्घीय सरकार	प्रदेश सरकार	स्थानीय तह	जम्मा	
१	०	३३३४१ सवारी साधन कर	२,०११,५२६,९०८.००			२,०११,५२६,९०८.००	-	१,२०६,९१६,१४४.८०	८०४,६१०,७६३.२०	२,०११,५२६,९०८.००	-
२	०	३३३६१ वन क्षेत्रको रोयल्टी	११३,१६५,३८३.३१			११३,१६५,३८३.३१	११३,१६५,३८३.३१	-	-	११३,१६५,३८३.३१	-
३	०	३३३९१ अन्य बाँडफाँट हुने राजस्व संकलन	६,०००.००			६,०००.००	-	-	-	-	६,०००.००
		जम्मा	२,१२४,६९८,२९१.३१	-	-	२,१२४,६९८,२९१.३१	११३,१६५,३८३.३१	१,२०६,९१६,१४४.८०	८०४,६१०,७६३.२०	२,१२४,६९२,२९१.३१	६,०००.००

गत आर्थिक वर्ष को कारोबार							
सङ्कलन रकम				बाँडफाँट भएको रकम				बाँडफाँट हुन बाँकी रकम
सङ्घीय सरकार	प्रदेश सरकार	स्थानीय तह	जम्मा	सङ्घीय सरकार	प्रदेश सरकार	स्थानीय तह	जम्मा	
१,९७९,५२४,६३२.००			१,९७९,५२४,६३२.००	-	१,१८७,७१४,७७९.२०	७९१,८०९,८५२.८०	१,९७९,५२४,६३२.००	-
११०,१५४,३४९.७२			११०,१५४,३४९.७२	११०,१५४,३४९.७२	-	-	११०,१५४,३४९.७२	-
५१,७५४,७८८.१०			५१,७५४,७८८.१०	-	-	-	-	५१,७५४,७८८.१०
२,१४१,४३३,७६९.८२	-	-	२,१४१,४३३,७६९.८२	११०,१५४,३४९.७२	१,१८७,७१४,७७९.२०	७९१,८०९,८५२.८०	२,०८९,६७८,९८१.७२	५१,७५४,७८८.१०

थप विवरण टिप्पणी नं. १.४ मा उल्लेख गरिएको छ ।

.....	.....	.....
तयार गर्नेको सहीः	प्रदेश लेखा नियन्त्रकको सही:	महालेखापरीक्षकको सहीः
नामः	नामः	नामः
पदः	पदः	पदः

८. गण्डकी प्रदेश सरकारको सञ्चित कोषको वार्षिक वित्तीय विवरण तयार गर्दा अपनाईएका आधारहरु, लेखा नीतिहरु तथा व्याख्यात्मक टिप्पणीहरु

८.१ लेखा नीति

१. वित्तीय विवरणको प्रस्तुति:

नेपालको संविधानको भाग १६ मा प्रदेश आर्थिक कार्य प्रणालीको व्यवस्था गरिएको छ।संविधानको धारा २०४ मा प्रदेश सञ्चित कोष सम्बन्धी व्यवस्था गरिएको छ।प्रदेश सञ्चित कोष प्रदेश सरकारको सरकारी कोष हो। सङ्घीय कानून, प्रदेश आर्थिक ऐन तथा अन्य प्रचलित कानुन बमोजिम प्राप्त हुने रकम प्रदेश सञ्चित कोषमा दाखिला हुन्छ भने गण्डकी प्रदेश विनियोजन ऐन बमोजिम प्रदेश सञ्चित कोषबाट रकम खर्च हुने गर्दछ।

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ ले लेखा राख्ने र प्रतिवेदन गर्ने सम्बन्धमा विभिन्न निकायहरूको जिम्मेवारी र प्रतिवेदन कार्यविधिहरू व्यवस्थित गरेको छ।प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३(१) मा प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयलाई प्रदान गरेको छ ।यसै ऐनको दफा ३(२) बमोजिमको प्रदेश सञ्चित कोषको लेखा अध्यावधिक राख्ने तथा वार्षिक वित्तीय विवरण तयार गर्ने उत्तरदायित्व बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले हरेक वर्ष वार्षिक आर्थिक विवरण तयार गर्दै आएको छ ।

प्रदेश सरकारको आम्दानी वा ऋण प्राप्ति तथा खर्च वा दायित्व भुक्तानीमा सम्बन्धित लेखा उत्तरदायी अधिकृत जिम्मेवार रहने कानुनी व्यवस्था रहेको छ।सम्बन्धित लेखा उत्तरदायी अधिकृतले आफ्नो कानूनी अधिकार अनुरुप गरेका कारोबारको आधारमा तयार गरी पेश गरेको केन्द्रीय लेखाको विवरण,प्रदेश लेखा इकाई कार्यालयबाट प्राप्त जिल्लागत एकीकृत वित्तीय विवरण र बैंक विवरणका आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

यो वित्तीय विवरणमा अन्तर निकाय कारोबारहरू समायोजन गरी शून्यकरण गरिएको छ । यो वार्षिक वित्तीय विवरणमा प्रदेश सरकारको बजेट र गैर बजेट निकायको प्राप्ति र भुक्तानीको वार्षिक विवरण, बजेटको तुलनात्मक विवरण, विभिन्न सरकारी कोषको वार्षिक आर्थिक विवरण, सेवा तथा कार्यगत खर्चको विवरण, लेखा नीति, टिप्पणी र अनुसूचीहरू समावेश रहेका छन् ।

२. विवरण तयारीको कानुनी आधार :

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३ को उपदफा १ मा संविधान, यो ऐन र अन्य प्रचलित कानूनको अधिनमा रही प्रदेश सञ्चित कोषको सञ्चालन प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्नेछ भन्ने व्यवस्था रहेको छ।सोही दफाको उपदफा २ मा प्रदेश संचित कोषको लेखा अद्यावद्यिक रुपमा राख्ने र त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुनेछ भन्ने व्यवस्था रहेको छ । प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ६५ को उपनियम (४) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारको एकीकृत वित्तीय विवरण कार्तिक १५ भित्र महालेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ ।

३. प्रतिवेदनको मानदण्ड:

तीनै तहका सरकारहरूमा लागू रहेको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ एवम् अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखामान (IPSAS २०१७) मा आधारित भई आन्तरिकीकरण गरिएको नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामान, २०७९ यो वित्तीय विवरण तयारीको मुख्य आधार एवम् मानदण्ड रहेको छ।

४. प्रतिवेदक निकाय

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३ र २८ बमोजिम प्रादेशिक लेखाको एकीकृत वित्तीय विवरण तयार गर्ने र महालेखापरीक्षक तथा महालेखा नियन्त्रक कार्यालयलाई प्रतिवेदन गर्ने जिम्मेवार निकाय प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको छ।

५. बजेटरी निकाय

प्रदेश सरकारको बजेटमा पूर्ण रूपमा सहभागी हुने र प्रत्यक्ष नियन्त्रण भएका निकायलाई बजेट निकायको रूपमा लिइएको छ।बजेटरी व्यवस्थाका लागि केन्द्रीय निकायसँग कार्यकारी, संवैधानिक तथा कानुनी अधिकार रहेको हुन्छ। यस अन्तर्गतका बजेटमा पूर्ण निर्भर रहने मन्त्रालय, विभाग, आयोजना, परियोजना तथा कार्यालयहरू रहेका छन्। बजेट निकायमा मन्त्रालय र केन्द्रीय निकाय तथा कार्यालयहरुको नाम र सूची यसैसाथ संलग्न गरिएको छ।

६. गैरबजेट निकाय

सरकारको अख्तियारी अन्तर्गत सञ्चालन भएका, सरकारको बजेटमा पूर्ण रूपमा समावेश नभएका र स्वतन्त्र गठन आदेश वा छुट्टै ऐन अन्तर्गत स्थापना भएका निकायहरूलाई गैरबजेट निकायको रूपमा समावेश गरिएको छ। गैरबजेट निकायको आफ्नै आर्जित आम्दानी हुन्छ र यस्ता निकायहरूलाई आवश्यकता अनुसार सरकारले सहायता रकम समेत प्रदान गर्ने गर्दछ।यस्ता निकायहरू नाफा मुलक तथा कर लाग्ने कारोबारमा संलग्न हुँदैनन्।

७. लेखाङ्कन तथा एकीकरणका आधार

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४९ मा विनियोजन, राजस्व, धरौटी र अन्य कोषको लेखा नगदमा आधारित दोहोरो लेखा प्रणाली अनुसार लेखा राख्नुपर्ने, महालेखा नियन्त्रक कार्यालयले लेखा प्रणालीमा फरक प्रणाली तोकेकोमा सोही बमोजिम हुने उल्लेख भएकोले नेपाल सरकारले अवलम्वन गरेको नगदमा आधारित दोहोरो लेखा प्रणाली अनुरुप लेखा राखिएको र सोही आधारमा प्रस्तुत आर्थिक विवरण तयार गरिएको छ। वित्तीय विवरणहरू नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरी तयार गरिएको छ। जसमा नगद प्राप्ति र भुक्तानीको बखतमा मात्र कारोबारको पहिचान गरिएको छ। लेखा टिप्पणीमा सम्पत्ति तथा दायित्व ऐतिहासिक मूल्यमा देखाइएको छ।यहाँ नगद प्राप्ति तथा भुक्तानीको विवरण, बजेट र वास्तविक रकमको तुलना र लेखा टिप्पणी अन्तर्राष्ट्रिय स्तरको नगद आधार अनुसारको वित्तीय प्रतिवेदन नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामान नगद आधार लेखाङ्कनको वित्तीय प्रतिवेदन २०७९ का आधारमा तयार गरिएका छन्। लेखामानले व्यवस्था गरे बमोजिम अन्तर निकाय कारोबारहरू हटाई (Elimination) विवरण तयार गरिएको छ।

८. प्रतिवेदन तथा बजेट अवधि

यो वार्षिक वित्तीय विवरणले २०८२ श्रावण १ गतेदेखि २०८३ आषाढ मसान्तसम्मको कारोबारलाई समावेश गरेको छ।

९. **सारभूतता**

यो वार्षिक वित्तीय विवरणमा सारभूत विवरणहरु समेटिएको छ ।

१०. **प्रतिवेदनको मुद्रा**

वित्तीय विवरण नेपाली रुपैयाँमा तयार गरिएको छ ।

११. **नेपाल सार्वजनिक क्षेत्र लेखामानको अनुपालना**

अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखामान IPSAS २०१७ लाई आन्तरिकीकरण गरिएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS), २०७९ नेपाल सरकारले मिति २०७९।०८।२० मा लागू गर्ने निर्णय गरेपछि यस मानकको आधारमा यो वित्तीय प्रतिवेदन तयार गरिएको छ।यस प्रतिवेदनमा नेपाल सार्वजनिक क्षेत्र लेखामानको भाग १ अर्थात् अनिवार्य खण्डलाई पूर्णतया कार्यान्वयन गरिएको छ भने भाग २ अर्थात्- ऐच्छिक विषयहरूमध्ये सम्पत्ति समावेश गरिएको छ ।

८.२. प्रमुख लेखा नीतिहरू:

१. राजस्वको पहिचान तथा लेखा:

नगद तथा बैङ्क मार्फत नगद प्राप्ति गरेपछि मात्र राजस्व आम्दानी बाँधिएको छ।राजस्वलाई कुल रकम (Gross Basis) मा राखिएको छ । राजस्व सङ्कलनको लागि प्रदेश लेखा नियन्त्रक कार्यालयको सिफारिसमा नेपाल राष्ट्र बैङ्क वा सरकारी कारोबार गर्न अनुमति प्राप्त बैङ्कमा Non-operative Account खोलिएको छ र राजस्व रकम यही खातामा जम्मा गरिन्छ। राजस्व रकमको लेखांकन गर्दा एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या बमोजिमको शीर्षकमा आम्दानी जनाई लेखांकन गरिएको छ । प्रचलित कानुन बमोजिम करदाताबाट सङ्कलन गरिएको कर रकमलाई कर राजस्वको रूपमा आयमा लेखाङ्कन गरिएको छ भने प्रचलित कानुन बमोजिम प्राप्त गर्ने सेवा शुल्क, विक्री, रोयल्टी, व्याज, लाभांश जस्ता आयहरूलाई अन्य राजस्वको रूपमा लेखांकन गरिएको छ।विनियोजन खर्चको लेखा परीक्षणबाट असुल गर्नु पर्ने ठहर भई पछिल्ला वर्षमा असुली भएका वा निकासा वा अनुदान दिएको रकमबाट प्रापकले कार्यसम्पादन गर्न नसकी पछिल्ला वर्षहरूमा राफसाफ फिर्ता गरेका प्राप्तिहरू यथार्थमा राजस्व नभएकाले 'विविध प्राप्ति' अन्तर्गत लेखांकन गरिएको छ । कर छुटहरूको लेखाङ्कन नभएकोले प्रतिवेदन गरिएको छैन । वैदेशिक सहायता अन्तर्गत प्राप्त अनुदान रकमलाई अनुदान प्राप्तिमा आम्दानी जनाई राजस्व लेखाङ्कन तथा प्रतिवेदन गरिएको छ । अर्को निकाय वा सरकारको तहमा हस्तान्तरण हुने "Pass Through" रकमलाई प्राप्त हुँदा प्राप्तिमा र हस्तान्तरण हुँदा भुक्तानीका रूपमा देखाइएको छ । दोहोरो कारोबारलाई हटाएर (Elimination) प्रतिवेदन गरिएको छ ।

२. राजस्व सङ्कलन:

सङ्कलित राजस्वमा प्रदेश सरकारको अधिकार क्षेत्र रहेको राजस्व रकम र बाँडफाँट हुने राजस्व रकम गरी दुई प्रकारको राजस्व रकम रहेको छ । लेखा टिप्पणी र अनुसूचीमा प्रदेश सरकारले सङ्कलन गरेको राजस्वको विवरणमा बाँडफाँट हुने राजस्व रकमलाई दायित्व अन्तर्गत बाँडफाँट हुने राजस्व शीर्षकमा देखाइएको छ ।

३. राजस्व नगद मौज्दात:

गत विगत आर्थिक वर्षमा सङ्कलन भएको राजस्व रकम सोही आर्थिक वर्ष भित्र राजस्व खातामा जम्मा हुन नसकी बाँकी रकमलाई यस आर्थिक वर्षमा दाखिला गरिएको छ।बाँकी रकम दाखिला गर्दा जुन राजस्व शीर्षकमा नगद बाँकी रहेको हो सोही शीर्षकमा रकम दाखिला गरी प्रतिवेदन गरिएको छ। चालु आर्थिक वर्षमा सङ्कलन भएको तर राजस्व

खातामा जम्मा हुन बाँकी रकमलाई राजस्व शीर्षकमा आम्दानी जनाई सकिएको छ र सो रकमलाई स्रेस्तामा नगद बाँकीको रूपमा देखाइएको छ।

४. विभाज्य कोष:

अन्तरसरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारले संकलन गरेको राजस्व प्रदेश विभाज्य कोषमा जम्मा गरिन्छ। प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम बाँडफाँट गरी प्रदेशको अंश राजस्व अनुदान तथा विविध प्राप्ती खातामा र स्थानीय तहलाई पुन: बाँडफाँट गर्नुपर्ने रकम स्थानीय विभाज्य कोषमा जम्मा गरिन्छ। प्रदेश सरकारका निकायबाट संकलन हुने प्राकृतिक स्रोत बापतको रोयल्टी रकम प्रदेश संचित कोषमा दाखिला गरी अर्को आर्थिक वर्षको आश्विन मसान्त पश्चात सङ्घीय सरकारलाई बाँडफाँट प्रयोजनका लागि पठाउने गरिन्छ । प्रदेश विभाज्य कोषको विवरण, स्थानीय विभाज्य कोषमा जम्मा भएको रकमको विवरण तयार गरिएको छ। प्रदेश वन ऐन, २०८० बमोजिम संकलन भएको वन रोयल्टीको रकम विविध कारणले बाडफाँट हुन नसकी प्रदेश विभाज्य कोषमा रहेको छ।

५. प्रदेश सरकारले उपयोग गर्ने राजस्व:

प्रदेश सरकारले उपयोग गर्ने राजस्व रकम अन्तर्गत प्रदेश सरकारको आफ्नै राजस्व रकम (बाँडफाँट हुने राजस्व बाँहेक) तथा बाँडफाँट हुने राजस्वबाट प्राप्त भएको हिस्सा र संघ तथा स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने राजस्व (मूल्य अभिवृद्धि कर, अन्तशुल्क, प्राकृतिक स्रोतको रोयल्टी, घरजग्गा रजिष्टेशन दस्तुर, विज्ञापन कर, मनोरञ्जन कर, दहत्तर बहत्तर शुल्क) रकमहरु रहेको छ।

६. खर्चको पहिचान, लेखाङ्कन र प्रतिवेदन:

- भुक्तानी आदेश वा बैङ्क चेक जारी गरिएको रकम निजले भुक्तानी लिन नसकेको वा पेस्की वा सानो नगदी कोषबाट अर्को आर्थिक वर्षमा फिर्ता भएको रकम फिर्ता प्राप्त भएको आर्थिक वर्षको विविध प्राप्तिमा देखाइएको छ। आषाढ मसान्त सम्म जारी भएका तर म्यादभित्र नसाटिएका चेकका रकमलाई खर्चबाट घटाएर समायोजन गरिएको छ।
- प्रचलित कानुन बमोजिम कुनै भुक्तानी गर्दा धरौटी कट्टी गर्नुपर्ने व्यवस्था भएकोमा सो पूरै रकमलाई भुक्तानीमा लेखाङ्कन गरी धरौटी रकमलाई धरौटी स्रेस्तामा प्राप्तितर्फ लेखाङ्कन गरिएको छ।प्रचलित कानुन अनुसार धरौटीबाट राजस्वमा हुने सदर स्याहा, जफत वा असुलीलाई धरौटी स्रेस्तामा खर्च जनाई सरकारी आयमा प्राप्ति देखाईएको छ।
- सरकारी तिर्न बुझाउन पर्ने रकम बक्यौता रहेको व्यक्तिले सरकारी निकायबाटै पाउने भुक्तानीको कानुनी रूपमा असुली भएमा त्यस्तो भुक्तानी पनि प्राप्ति र भुक्तानी दुवैतर्फ देखाइएको छ।
- पेस्की तथा अन्य रूपमा निकासा भई फिर्ता/फछर्यौट गर्न बाँकी रकम समेतलाई खर्चको रूपमा प्रस्तुत गरिएको छ।पेस्की वा सानो नगदी कोषको रूपमा भुक्तानी भएको र वर्षान्तमा फछर्यौट हुन नसकेको रकम जुन प्रयोजनका लागि त्यस्तो पेस्की वा कोष उपलब्ध गराइएको हो सोही शीर्षकमा खर्च लेखाङ्कन र प्रतिवेदन गरिएको छ।
- एकल खाता कोष प्रणालीबाट खर्च गर्ने गरी भुक्तानी आदेश पठाउनासाथ खर्च लेखाङ्कन गरिएको छ।खर्च लेखाङ्कन भइसकेपछि प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालय वाट पठाएको Electronic Fund Transfer (EFT) सफल नभएमा वा जारी गरिएको चेक नसाटिएमा सो करोबारलाई खर्च घटाईएको छ।

७. नगद वा नगदजन्यको पहिचान:

- राष्ट्र बैङ्क, सरकारी कारोबार गर्ने अन्य बैङ्क तथा कार्यालयमा रहेको नगद मौज्दात र तत्काल नगदमा रूपान्तरण गर्न सकिने नगदजन्य वस्तुलाई समेटिएको छ । नगद भन्नाले साथमा रहेको नगद र माग गर्नसाथ प्राप्त हुने निक्षेप रकम पर्दछ । नगदजन्य भन्नाले मूल्य परिवर्तनको जोखिम नगण्य भएको र तोकिएको मूल्यमा तत्काल नगदमा रूपान्तरण गर्न मिल्ने अल्प अवधिको उच्च तरल लगानीलाई जनाउनेछ।यस अवधारणा अनुसार नगदलाई पहिचान गरिएको छ ।
- राजस्व, असुली लगायतका नगद वा नगदजन्य रकमलाई प्राप्त भएपछि प्राप्तिमा समावेश गरिएको छ । नगद र नगदजन्य रकममा नगद, बैङ्कमा रहेको निक्षेप, विनियोजन ऐन बमोजिम प्राप्त अख्तियारी मध्ये भुक्तानी आदेश दिइएको रकम समावेश गरिएको छ ।
- सरकारी कारोबार गर्न स्वीकृति प्राप्त बैङ्क वा सम्झौता अनुसार रकम भुक्तानी गर्ने कुनै व्यक्तिलाई भुक्तानी गर्ने अधिकार प्राप्त अधिकारीबाट भुक्तानी आदेश वा बैङ्क चेक वा आदेश पत्र जारी भए पछि निजलाई नगदमा भुक्तानी भए सरह भुक्तानीमा लेखाङ्कन र प्रतिवेदन गरिएको छ।विनियोजन ऐन बमोजिम खर्च भई सकेको तर असार मसान्तमा साट्न बाँकी चेक वा सो सरहका बैंकिङ्ग उपकरणको खुद रकम चेक साट्ने अवधि १५ दिन भएकोले अघिल्लै आर्थिक वर्षको विनियोजित रकमबाट खर्च हुने गरी फ्रिज खाताबाट चालु आर्थिक वर्षको मितिमा साटिएको छ ।

८. पेस्की बाँकी:

पेस्की दिँदाका बखत नै यसलाई खर्च जनाइएको छ।चालू र पुँजीगत खर्च अन्तर्गत कर्मचारी, व्यक्ति, निर्माण व्यवसायी, आपूर्तिकर्ता, स्वायत्त निकाय, वित्तीय तथा गैर वित्तीय लगायतका संस्थालाई प्रदान गरिएको पेस्की मध्ये आर्थिक वर्षको अन्त्यसम्म फछर्यौट वा फिर्ता प्राप्त हुन बाँकी रहेको रकमलाई पेस्की बाँकी रकममा समावेश गरिएको छ ।

९. धरौटी, अन्य कोष वा खातामा रहेको नगद मौज्दात:

प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाइ कार्यालयहरूको नाममा रहेको विविध कोष खाताहरू(ख-२.६), केही भुक्तानी कार्यालयहरूको नाममा रहेको कार्य सञ्चालन कोष- खाताहरू (ख-२.७) को अन्तिम मौज्दात रकमको विवरण समावेश गरिएको छ ।

१०. खर्चको प्रतिबद्धता:

निर्णय वा सम्झौता बमोजिम भविष्यमा भुक्तानी दिनुपर्ने गरी प्रतिबद्धता जनाई सकिएको रकम प्रतिवद्धताको रूपमा अभिलेख राख्नुपर्ने व्यवस्था प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ तथा नियमावली, २०७९ ले गरेको छ | उक्त कानुनी व्यवस्था बमोजिम IPFMS प्रणालीमा खरिद सम्झौता रकम,हालसम्म भुक्तानी रकम, ठेक्का सम्झौता मिति, सम्पन्न गर्नु पर्ने समय आदि विवरणहरु सम्बन्धित निकायहरुले प्रविष्टि गर्नुपर्ने व्यवस्था छ |निकायहरुले उक्त प्रणालीमा प्रविष्टि गरेको विवरणका आधारमा खर्च प्रतिबद्ता रकम समावेश गरिएको छ |

११. सोझै भुक्तानी:

यस प्रतिवेदनमा सोझै भुक्तानी भएको रकम नभएकोले समावेश गरिएको छैन ।

१२. दायित्व:

अहिले भएको कामले वा पहिल्यै गरेको कामले गर्दा भविष्यमा तिर्नुपर्ने कुनै रकमलाई दायित्वको रूपमा देखाइएको छ । सबै दायित्वहरू ऐतिहासिक मूल्यमा लेखाङ्कन गरिएका छन्।आर्थिक वर्षको अन्तमा कारोबारबाट सिर्जना भएका दायित्वलाई पहिचान गरी अभिलेख र प्रतिवेदन गरिएको छ ।

१३. गैर वित्तीय सम्पत्ति:

गैर वित्तीय सम्पत्तिलाई ऐतिहासिक मूल्यमा देखाइएको छ।ह्रास कट्टी गरिएको छैन।सम्पत्ति खरिद गर्दाको लागत मूल्यलाई खर्चमा लेखांकन गरिएको छ र यस्ता सम्पत्तिको विवरण अलग्गै तयार गरी थप खुलासाको रूपमा प्रस्तुत गरिएको छ । सम्पत्तिको वर्गीकरण एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण तथा व्याख्या,२०७४ को आधारमा गरिएको छ ।

१४. तेस्रो पक्षको भुक्तानी:

नभएको ।

१५. अन्तर सरकारी (निकाय) कारोबार:

कुनै एक नियन्त्रित निकाय अन्तर्गतका कार्यालय वा संस्थाहरू बिच भएका आपसी कारोबारहरूलाई एकीकृत वित्तीय विवरणमा समावेश गर्दा दोहोरिने भएकाले यस्ता कारोबारलाई सम्बन्धित प्राप्ति वा भुक्तानीबाट मिलान गरी वित्तीय विवरण प्रस्तुत गरिएको छ ।

१६. अफ बजेट प्राप्ति र भुक्तानी:

नभएको ।

१७. भुक्तानी दिन बाँकी दायित्व:

नगदमा आधारित लेखा प्रणालीका आधारमा लेखाङ्कन गरिएको हुँदा प्रतिवेदन अवधिभित्र दायित्व सिर्जना भएको तर विनियोजित बजेटले नखामेको स्वीकृत दरबन्दीको तलब, महँगी भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोसाक, खाद्यान्न, औषधी उपचार, बिरामी र बन्दीको सिधा, सेवा निवृत्त सुविधाका साथै स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको कुनै व्यक्ति फर्म संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकमलाई भुक्तानी हुन बाँकी दायित्वको विवरणमा समावेश गरिएको छ ।

१८. उठ्न बाँकी रकम:

यस सम्बन्धी कुनै कारोबार भएको छैन ।

१९. सङ्क्रमणकालीन व्यवस्था:

नेपाल सार्वजनिक क्षेत्र लेखामानले तोकेको सङ्क्रमणकालीन प्रावधान लागू हुने हदसम्म सो विवरण लेखा टिप्पणीमा खुलासा गरिएको छ ।

लेखा टिप्पणीहरु:

सि.नं.	टिप्पणी नं. र टिप्पणीको विषय
१	टिप्पणी १ राजस्व, अनुदान र अन्य प्राप्ती
२	टिप्पणी १.१ राजस्व तथा अन्य प्राप्ती संकलनको विवरण
३	टिप्पणी १.२ प्रदेश सरकारले उपयोग गर्ने राजस्व र अन्य प्राप्तीको विवरण (बजेट निकाय)
४	टिप्पणी १.३ अनुदान र सहायता
५	टिप्पणी १.४ विभाज्य कोष
६	टिप्पणी २ लगानी तथा वित्तीय प्राप्ति
७	टिप्पणी २.१ सेयर बिक्री तथा विनिमेश
८	टिप्पणी २.२ आन्तरिक तथा वैदेशिक ऋण लगानी फिर्ता प्राप्ति
९	टिप्पणी २.३ आन्तरिक ऋण प्राप्ती
१०	टिप्पणी २.४ वैदेशिक ऋण प्राप्ती
११	टिप्पणी ३ चालु तथा पुँजीगत खर्च
१२	टिप्पणी ३.१ चालु खर्च
१३	टिप्पणी ३.२ पुँजीगत खर्च
१४	टिप्पणी ३.३ संचित कोषमाथी व्ययभार हुने खर्च (बजेट निकाय)
१५	टिप्पणी ३.४ संचित कोषबाट विनियोजन हुने खर्च (बजेट निकाय)
१६	टिप्पणी ३.५ भुक्तानी विधि अनुसारको खर्च (बजेट निकाय)
१७	टिप्पणी ३.६ वित्तीय हस्तान्तरण (बजेट निकाय)
१८	टिप्पणी ४ वित्तीय ब्यवस्था
१९	टिप्पणी ४.१ ऋण तथा शेयर लगानी
२०	टिप्पणी ४.२ ऋण साँवा भुक्तानी
२१	टिप्पणी ५ कोषहरुको प्राप्ती, भुक्तानी र बाँकीको विवरण
२२	टिप्पणी ६ नगद र बैक मौज्दात
२३	टिप्पणी ६.१ सरकारी कोषहरुको प्रवाह
२४	टिप्पणी ६.२ नगद र बैक मौज्दात
२५	टिप्पणी ७ सोधभर्नाहुने ऋण र अनुदान (बजेट निकाय)
२६	टिप्पणी ७.१ सोधभर्ना हुने ऋण
२७	टिप्पणी ७.२ सोधभर्ना हुने अनुदान
२८	टिप्पणी ८: बजेटमा समावेश नभएको तस्रोपक्ष सहायता

२९	टिप्पणी ९: प्राप्त हुन बाँकी बैदेशिक सहायता
३०	टिप्पणी १० ऋण दायित्व
३१	टिप्पणी ११ जिन्सी तथा सम्पत्ति
३२	टिप्पणी १२ पेश्की बाँकीको विवरण
३३	टिप्पणी १३ भुक्तानी दायित्व
३४	टिप्पणी १४ खर्चको प्रतिवद्धता
३५	टिप्पणी १५ लिन/उठ्न बाँकी रकम
३६	टिप्पणी १६ सेवा तथा कार्यक्रम खर्च
३७	टिप्पणी १७आन्तरिक लेखापरीक्षणबाट कायम भएको वेरुजु
३८	टिप्पणी १८ दोहोरो गणना रकम समायोजन(Elimination)
३९	टिप्पणी १८.१ प्राप्ती तर्फ दोहोरो गणना रकम समायोजन
४०	टिप्पणी १८.२ खर्च तर्फ दोहोरो गणना रकम समायोजन
४१	टिप्पणी १९ विनिमयदर नाफा नोक्सान
४२	टिप्पणी २० सम्भाव्य दायित्व (Contingent Liability)
४३	टिप्पणी २१ प्रतिवेदन पश्चात भएको संशोधन र त्रुटिको सुधार (Correction of Errors)
४४	टिप्पणी २२ जमानत
४५	टिप्पणी २३ राजस्व खर्च/छुट (Tax Expenditure)
४६	टिप्पणी २४ सामाजिक सुरक्षा
४७	टिप्पणी २५ आर्थिक बर्ष पछाडिका प्रमुख घटनाहरु

टिप्पणी १ - राजस्व, अनुदान र अन्य प्राप्ती:

टिप्पणी १.१ राजस्व तथा अन्य प्राप्तीको लक्ष्य तथा प्राप्तिको संकलनको विवरण:

प्रदेश सरकारले संकलन गरेको राजस्वको विवरण निम्नानुसार रहेको छ। संकलित राजस्वमा प्रदेश सरकारको एकल अधिकारक्षेत्र रहेको राजस्व रकम र बाँडफाँट हुने राजस्व रकम गरी दुई प्रकारको राजस्व रकम रहेको छ । यस विवरणमा बाँडफाँट हुने राजस्व रकमलाई जुन शीर्षकमा रकम संकलन भएको छ सोही शीर्षकमा देखाइएको छ । राजस्व संकलनको लागि महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा नेपाल राष्ट्र बैंक वा सरकारी कारोवार गर्न अनुमति प्राप्त बैंकमा खोलिएको non-operative account मा जम्मा गरिन्छ । राजस्व रकमको लेखांकन गर्दा एकिकृत आर्थिक सङ्केत तथा वर्गिकरण र व्याख्या बमोजिमको शीर्षकमा आम्दानी जनाई लेखांकन गरिएको छ । प्रचलित कानून बमोजिम करदाताबाट संकलन गरिएको कर रकमलाई कर राजस्वको रुपमा आयमा लेखाङ्कन गरिएको छ भने प्रचलित कानून बमोजिम प्राप्त गर्ने सेवा शुल्क, विक्री, रोयल्टी, व्याज, लाभांस जस्ता आयहरु लाई अन्य राजस्वको रुपमा लेखांकन गरिएको छ । लेखापरीक्षणको क्रममा असुल गर्नु पर्ने ठहर भई पछिल्ला वर्षमा असुली भएमा वा निकासा वा अनुदान दिएको रकमबाट प्रापकले कार्यसम्पादन गर्न नसकी पछिल्ला वर्षहरुमा राफसाफ फिर्ता गरेमा ती प्राप्तिहरुलाई 'विविध प्राप्ति' अन्तर्गत वेरुजु र अन्य प्राप्ती आधार शीर्षक अन्तर्गतका उपशीर्षकमा जम्मा गरी लेखांकन गरिएको छ साथै राजस्व तर्फको बेरुजु सम्बन्धित राजस्व शीर्षकमा लेखाङ्कन गरिएको छ। यसमा राजस्व व्यवस्थापन सुचना प्रणालीमा गत आर्थिक वर्षमा संकलन भई यस आर्थिक वर्षमा प्रदेश सञ्चित कोषमा जम्मा भएको राजस्व रकम र यस आर्थिक वर्षमा प्रणालीमा जम्मा भइ आगामि आर्थिक वर्षमा प्रदेश सञ्चित कोषमा जम्मा हुने राजस्व रकमलाई समायोजन गी देखाइएको छ। प्रदेश सरकारले संकलन गरेको बाँडफाँट हुनुपर्ने राजस्व बाँडफाँट हुनु अगाडिकै राजस्व शीर्षक मुल राजस्व शीर्षक नम्बर ३३००० मा देखाइएको छ भने बाँडफाँट पश्चात प्राप्त भएको राजस्व मुल राजस्व शीर्षक नम्बर ११००० सम्बन्धित राजस्व शीर्षकमा घटाएर देखाईएको छ ।प्रदेश सरकारले संकलन गरेको वन रोयल्टी यस हिसाबमा समावेश छैन । यसको विस्तृत शीर्षकगत विवरण प्रतिवेदनमा प्रस्तुत गरी यसै साथ संलग्न गरिएको छ ।

शीर्षक नं.	राजस्व शीर्षक	चालु आ.व.		गत आ.व.			
		बजेट निकाय	गैरबजेट निकाय यथार्थ प्राप्ति	बजेट निकाय			गैरबजेट निकाय यथार्थ प्राप्ति
		शुरु अनुमान		शुरु अनुमान	अन्तिम कायम अनुमान	यथार्थ प्राप्ति	
११०००	कर	१२,४३०,६१८,०००.००		११,९६८,७६९,०००.००	१२,८०८,७६९,०००.००	९,३५९,३२२,३५७.१४	
१४०००	अन्य राजस्व	३,१३०,६८७,०००.००	५२,३७१,५४८.५५	२,९११,३८८,०००.००	२,९१५,३८८,०००.००	१,७४१,४३७,६८२.०५	४१,३०९,२८५.०८

शीर्षक नं.	राजस्व शीर्षक	चालु आ.व.		गत आ.व.			
		बजेट निकाय	गैरबजेट निकाय यथार्थ प्राप्ति	बजेट निकाय			गैरबजेट निकाय यथार्थ प्राप्ति
		शुरु अनुमान		शुरु अनुमान	अन्तिम कायम अनुमान	यथार्थ प्राप्ति	
१५०००	बेरुजु रकम र अन्य प्राप्ति जम्मा	२,४३५,०९४,०००.००		३,३१४,८१८,०००.००	३,३१४,८१८,०००.००	१५३,८८३,४८६.०३	
३३०००	बाँडफाँट हुने राजस्व					२,१४१,४३३,७६९.८२	
	जम्मा	**१७,९९६,३९९,०००.००**	**५२,३७१,५४८.५५**	**१८,१९४,९७५,०००.००**	**१९,०३८,९७५,०००.००**	**१३,३९६,०७७,२९५.०४**	**४१,३०९,२८५.०८**

टिप्पणी १.२ प्रदेश सरकारले उपयोग गर्ने राजस्व र अन्य प्राप्तीको लक्ष्य तथा प्राप्तिको विवरण (बजेट निकाय):

प्रदेश सरकारको आफ्नै राजस्व रकम तथा प्रचलित कानुन बमोजिम प्रदेश सरकारले संकलन गरी प्रदेश बिभाज्य कोषमा दाखिला पश्चात प्रदेश सरकारले बाँडफाँट गरी प्रदेश सरकारले प्राप्त गरेको रकम, सङ्घीय सरकारले संकलन गरी सङ्घीय विभाज्य कोषमा दाखिला पश्चात सङ्घीय सरकारले बाँडफाँट गरी प्रदेश सरकारले प्राप्त गरेको रकम र स्थानीय तहले संकलन गरि स्थानीय विभाज्य कोषमा दाखिला पश्चात स्थानीय तहले बाडफाँट गरी प्रदेश सरकारले प्राप्त गरेको रकम तथा प्रचलित कानुन बमोजिम अन्य तवरबाट प्रदेश सरकारले उपयोग गर्न पाउने राजस्व यसमा उल्लेख गरिएको छ। यसको विस्तृत शिर्षगत विवरण प्रतिवेदनमा प्रस्तुत गरी यसै साथ संलग्न गरिएको छ। बेरुजु रकम र अन्य प्राप्ति (१५०००) मा गत आर्थिक वर्षको नगद मौज्दातको अनुमान समेत समावेश छ।

शीर्षक नं.	राजस्व शीर्षक	चालु आ.व.	गत आ.व.		
		शुरु अनुमान	शुरु अनुमान	संशोधित अनुमान	यथार्थ प्राप्ति
११०००	कर	१२,४३०,६१८,०००.००	११,९६८,७६९,०००.००	१२,८०८,७६९,०००.००	१०,५४७,०३७,१३६.३४
१४०००	अन्य राजस्व	३,१३०,६८७,०००.००	२,९११,३८८,०००.००	२,९१५,३८८,०००.००	१,७४१,४३७,६८२.०५
१५०००	बेरुजु रकम र अन्य प्राप्ति जम्मा	२,४३५,०९४,०००.००	३,३१४,८१८,०००.००	३,३१४,८१८,०००.००	१५३,८८३,४८६.०३
	जम्मा	**१७,९९६,३९९,०००.००**	**१८,१९४,९७५,०००.००**	**१९,०३८,९७५,०००.००**	**१२,४४२,३५८,३०४.४२**

टिप्पणी १.३ अनुदान र सहायताको प्राप्तिको विवरण:

क) **बजेट निकाय:** प्रचलित कानुन बमोजिम प्रदेश सरकारले प्राप्त रकम गरेको अनुदान र सहायताको विवरण यसमा समावेश गरिएको छ। यस विवरणमा आर्थिक वर्ष २०८२/८३ मा सङ्घीय सरकारबाट प्रदेश सरकारले प्राप्त गरेको अनुदान रकम खर्च नभई नियमानुसार फिर्ता गर्नुपर्ने रकम आर्थिक वर्ष २०८२/८३ मा फिर्ता गरिएकोमा सो रकमलाई प्राप्त अनुदान रकममा घटाई देखाइएको छ । यो वर्षको अनुदान प्राप्ती निम्नानुसार रहेको । अनुदान र सहायता प्राप्तिको विस्तृत विवरण प्रतिवेदनमा उल्लेख गरी यसैसाथ संलग्न गरिएको छ ।

शीर्षक नं.	राजस्व शीर्षक	चालु आ.व.		गत आ.व.			
		बजेट निकाय अनुमान		बजेट निकाय अनुमान		बजेट निकाय यथार्थ प्राप्ति	
		शुरु अनुमान	सोझै भुक्तानी	शुरु अनुमान	संशोधित अनुमान	नगद	सोझै भुक्तानी
१३१००	द्विपक्षीय वैदेशिक अनुदान						
१३२००	वहुपक्षीय वैदेशिक अनुदान						
१३३००	अन्तर सरकारी वित्तीय हस्तान्तरण	१२,२३३,६००,०००.००		१२,५९८,०००,०००.००	१३,०८३,६००,०००.००	९,९७३,०९४,७८९.२७	
१३४००	अन्य आन्तरिक अनुदान						
१३०००	**अनुदान तथा सहायता जम्मा**	**१२,२३३,६००,०००.००**	**-**	**१२,५९८,०००,०००.००**	**१३,०८३,६००,०००.००**	**९,९७३,०९४,७८९.२७**	**-**

ख) गैरबजेट निकाय:

प्रचलित कानून बमोजिम प्राप्त भएको अनुदान रकम निम्नानुसार रहेको छ । प्रदेश सरकारले द्विपक्षीय वा वहुपक्षीय दातृ निकाय संस्थाबाट सोधभर्ना हुने गरि भएको खर्चको हकमा त्यस्तो रकम आयोजनाबाट केन्द्रिय हिसावमा हस्तान्तरण गरिएको हुन्छ । यो वर्षको अनुदान प्राप्ती निम्नानुसार रहेको छ ।

संकेत	अनुदान वर्गीकरण	चालु आ.व.		गत आ.व.	
		गैरबजेट निकाय यथार्थ प्राप्ति		गैरबजेट निकाय यथार्थ प्राप्ति	
		नगद	सोझै भुक्तानी	नगद	सोझै भुक्तानी
१३१००	द्विपक्षीय वैदेशिक अनुदान				
१३२००	वहुपक्षीय वैदेशिक अनुदान				
१३४००	अन्य आन्तरिक अनुदान	१३२,८३४,३७२.००		१३२,१२०,०००.००	
१३०००	**अनुदान तथा सहायता जम्मा**	**१३२,८३४,३७२.००**	**-**	**१३२,१२०,०००.००**	**-**

टिप्पणी १.४ विभाज्य कोष:

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिमको एकल कर प्रशासनको व्यवस्था अन्तर्गत सघीय सरकारले असुल गरेको रकम सङ्घीय विभाज्य कोषमा जम्मा गरिन्छ। सङ्घीय विभाज्य कोषमा जम्मा रहेको रकम बाँडफाँट गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ बमोजिम प्रदेशले पाउने रकम संघले स्थापना गरेको प्रदेश विभाज्य कोषमा र स्थानीय तहले पाउने रकम संघले स्थापना गरेको स्थानीय विभाज्य कोषमा जम्मा गरिन्छ। प्रदेश विभाज्य कोषमा जम्मा रहेको रकम प्रदेशहरुलाई तथा स्थानीय विभाज्य कोषमा रहेको रकम स्थानीय तहहरुलाई मासिक रुपमा सम्बन्धित प्रदेश र स्थानीय तहमा जम्मा गरिदिनु पर्ने व्यवस्था अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ को उपदफा (५) मा रहेको छ। वर्षको अन्तिम महिनामा भने वर्षभरीको हिसावहरुको हिसाव मिलान गरिने व्यवस्था सोही दफाको उपदफा (६) मा रहेको छ। उक्त व्यवस्था बमोजिम यो वर्षको बाँडफाँट हुने राजस्व प्राप्ति र प्रदेश विभाज्य कोष तथा स्थानीय विभाज्य कोषमा गरिएको बाँडफाँटको अवस्थाको विवरण निम्नानुसार रहेको छ। यसको विस्तृत विवरण प्रदेश विभाज्य कोषको बार्षिक विवरणमा उल्लेख गरी यसैसाथ संलग्न गरिएको छ। दफा ७ बमोजिम प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टि नेपाल सरकार प्रदेश र स्थानीय तह बिच नेपाल सरकारले वित्त आयोगको सिफारिसमा बार्षिक रुपमा बाँडफाँट गरिन्छ। कानुन बमोजिम सङ्घीय विभाज्य कोषमा जम्मा भई संघ, प्रदेश र स्थानीय तहमा बाँडफाँट हुनुपर्ने वन क्षेत्रको रोयल्टी रकम रु ११३१६५३८३/३१ प्रदेश विभाज्य कोषमा राजस्व शीर्षक नम्बर ३३३६१ वन क्षेत्रको रोयल्टीमा जम्मा भएकोमा उक्त रकम कानुन बमोजिम बाँडफाँट प्रयोजनार्थ सङ्घीय विभाज्य कोषमा जम्मा हुने गरी पठाईएको छ।

राजस्व शीर्षक	चालु आ.व.					गत आ.व.				
	कोषमा संकलन भएको रकम	बाँडफाँट भएको रकम			बाँडफाँट हुन बाँकी रकम	कोषमा संकलन भएको रकम	बाँडफाँट भएको रकम			बाँडफाँट हुन बाँकी रकम
		संघ	प्रदेश	स्थानीय			संघ	प्रदेश	स्थानीय	
३३३४१ सवारी साधन कर	२,०११,५२६,९०८.००	-	१,२०६,९१६,१४४.८०	८०४,६१०,७६३.२०	-	१,९७९,५२४,६३२.००		१,१८७,७१४,७७९.२०	७९१,८०९,८५२.८०	-
३३३६१ वन क्षेत्रको रोयल्टी	११३,१६५,३८३.३१	११३,१६५,३८३.३१	-	-	-	११०,१५४,३४९.७२	११०,१५४,३४९.७२			-
३३३९१ अन्य बाँडफाँट हुने राजस्व संकलन	६,०००.००	-	-	-	६,०००.००	५१,७५४,७८८.१०				५१,७५४,७८८.१०
जम्मा	**२,१२४,६९८,२९१.३१**	**११३,१६५,३८३.३१**	**१,२०६,९१६,१४४.८०**	**८०४,६१०,७६३.२०**	**६,०००.००**	**२,१४१,४३३,७६९.८२**	**११०,१५४,३४९.७२**	**१,१८७,७१४,७७९.२०**	**७९१,८०९,८५२.८०**	**५१,७५४,७८८.१०**

टिप्पणी २ - लगानी तथा वित्तीय प्राप्ति:

टिप्पणी २.१ सेयर बिक्री तथा विनिवेश:

प्रदेश सरकारको स्वामित्वमा रहेका सेयर बिक्री तथा विनिमेशबाट प्राप्त लगायतका प्राप्तीहरुको विवरण निम्नानुसार रहेको। (प्रदेश सरकारबाट यस प्रकारको कारोवार नभएकोले शुन्य कारोवार समावेश गरिएको।)

शीर्षक	वर्गीकरण	चालु आ.व.				गत आ.व.			
		बजेट निकाय			गैरबजेट निकाय यथार्थ प्राप्ति	बजेट निकाय			गैरबजेट निकाय यथार्थ प्राप्ति
		शुरु अनुमान	संशोधित अनुमान	यथार्थ प्राप्ति		शुरु अनुमान	संशोधित अनुमान	यथार्थ प्राप्ति	
३२१५६-५९	**आन्तरिक शेयर लगानी फिर्ता तथा बिक्री**	-	-	-	-	-	-	-	-
३२१५६	संस्थानमा शेयर लगानी फिर्ता								
३२१५७	संस्थानमा शेयर लगानी बिक्री								

शीर्षक	वर्गीकरण	चालु आ.व.				गत आ.व.			
		बजेट निकाय			गैरबजेट निकाय यथार्थ प्राप्ति	बजेट निकाय			गैरबजेट निकाय यथार्थ प्राप्ति
		शुरु अनुमान	संशोधित अनुमान	यथार्थ प्राप्ति		शुरु अनुमान	संशोधित अनुमान	यथार्थ प्राप्ति	
३२१५८	अन्य संस्थामा शेयर लगानी फिर्ता								
३२१५९	अन्य संस्थामा शेयर लगानी बिक्री								
३२२५८	**बैदेशिक शेयर लगानी विक्री**								
	जम्मा शेयर लगानी फिर्ता तथा बिक्री	-	-	-	-	-	-	-	-

टिप्पणी २.२ आन्तरिक तथा वैदेशिक ऋण लगानी फिर्ता प्राप्ति:

प्रदेश सरकारले अन्तर सरकारी तहमा भएको लगानी तथा विभिन्न संस्थान तथा अन्य निकायमा भएको ऋणको साँवा फिर्ता भएको रकम यहाँ उल्लेख गरिएको छ। (प्रदेश सरकारबाट यस प्रकारको कारोवार नभएकोले शुन्य कारोवार समावेश गरिएको।)

शीर्षक	वर्गीकरण	चालु आ.व.				गत आ.व.			
		बजेट निकाय			गैरबजेट निकाय यथार्थ प्राप्ति	बजेट निकाय			गैरबजेट निकाय यथार्थ प्राप्ति
		शुरु अनुमान	संशोधित अनुमान	यथार्थ प्राप्ति		शुरु अनुमान	संशोधित अनुमान	यथार्थ प्राप्ति	
३२१४७-४९	**अन्तरिक ऋण लगानी फिर्ता प्राप्तिको जम्मा**	-	-	-	-	-	-	-	-
३२१४७	अन्तर सरकारी ऋण लगानी फिर्ता प्राप्ति								
३२१४८	संस्थानबाट ऋण लगानी फिर्ता प्राप्ति								
३२१४९	अन्य संस्थाबाट ऋण लगानी फिर्ता प्राप्ति								
३२२४२	**बैदेशिक ऋण लगानी फिर्ता प्राप्ति**								

	ऋण लगानी फिर्ता प्राप्तिको जम्मा	-	-	-	-	-	-	-	-

टिप्पणी २.३ आन्तरिक ऋण प्राप्ती:

प्रदेश सरकारको आन्तरिक ऋण प्राप्तिको विवरण यहाँ उल्लेख गरिएको छ। (प्रदेश सरकारबाट यस प्रकारको कारोवार नभएकोले शुन्य कारोवार समावेश गरिएको।)

शीर्षक नं.	वर्गीकरण	चालु आ.व.						गत आ.व.					
		बजेट निकाय			गैरबजेट निकाय			बजेट निकाय			गैरबजेट निकाय		
		शुरु अनुमान	संशोधित अनुमान	प्राप्ति	शुरु अनुमान	संशोधित अनुमान	प्राप्ति	शुरु अनुमान	संशोधित अनुमान	प्राप्ति	शुरु अनुमान	संशोधित अनुमान	प्राप्ति
३३१४१	ऋणपत्रमार्फत प्राप्त ऋण	-	-	-	-	-	-	-	-	-	-	-	-
	राष्ट्रिय बचतपत्र												
	नागरिक बचतपत्र												
	विकास ऋणपत्र												
	बैदेशिक रोजगार बचतपत्र												
	विशेष ऋणपत्र												
	ट्रेजरी विल												
३३१४२	अन्य आन्तरिक सरकारबाट प्राप्त ऋण												
३३१४३	अन्य संस्थाहरुबाट ऋण प्राप्ती												
३३१४४	अधिविकर्ष(Overdraft)												
	जम्मा	-	-	-	-	-	-	-	-	-	-	-	-

टिप्पणी २.४ वैदेशिक ऋण प्राप्ती:

प्रदेश सरकारको बैदेशिक ऋण प्राप्तिको विवरण यहाँ उल्लेख गरिएको। (प्रदेश सरकारबाट यस प्रकारको कारोवार नभएकोले शुन्य कारोवार समावेश गरिएको।)

शीर्षक नं.	वर्गीकरण	चालु आ.व.						गत आ.व.					
		बजेट निकाय यथार्थ			गैरबजेट निकाय			बजेट निकाय यथार्थ			गैरबजेट निकाय		
		नगद तथा शो.भ	सोझै भुक्तानी	जम्मा	नगद तथा शो.भ	सोझै भुक्तानी	जम्मा	नगद तथा शो.भ	सोझै भुक्तानी	जम्मा	नगद तथा शो.भ	सोझै भुक्तानी	जम्मा
	शुरु अनुमान			-			**-**			-			**-**
	संशोधित अनुमान			-			**-**			-			**-**
	बैदेशिक ऋण प्राप्ती (यथार्थ)			-	-	-	-			-	-	-	-
	बहुपक्षीय ऋण			-			**-**			-			**-**
	द्विपक्षीय ऋण			-			-			-			**-**
	जम्मा	-	-	-	-	-	-	-	-	-	-	-	-

टिप्पणी ३ - चालु तथा पुँजीगत खर्च

यस वित्तीय विवरणमा विनियोजन भएको रकमको खर्च, खर्चका स्वरुप, शीर्षक, कार्यगत सम्बन्ध, व्यहोरिएका श्रोतको संरचना, मुलुकको विकास प्राथमिकता लगायत विभिन्न प्रकारले वर्गिकरण गरिएको छ। यस वार्षिक वित्तीय विवरणमा विनियोजनबाट भएको खर्च र गैरबजेटरी नियन्त्रित निकायले गरेका खर्च समावेश गरिएको छ। एकीकरण र वर्गीकरण गर्दा नेपाल सरकारको श्रोत भएका खर्चहरुमा सोही बमोजिम र गैरबजेटरी नियन्त्रित निकायका खर्चहरुमा नेपाल सरकारले गरेको वर्गिकरण लागु भएको अवस्थामा सो वर्गीकरण बमोजिम र त्यस्तो वर्गीकरण नभएकोमा सबैभन्दा सामान्य वर्गीकरणमा समावेश गरी खर्च प्रस्तुतीकरण गरिएको छ। विनियोजन भएको रकमको खर्च तीन प्रकारले वर्गिकरण हुन्छः चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्था। चालु खर्चमा नियमित प्रकारका कार्यालयको कार्यसम्पादनका लागि भएका पदाधिकारी र कर्मचारी खर्च, सञ्चालन र सम्भार खर्च, व्याज, बैंक कमिसन, सेवा शुल्क, कार्यक्रम खर्च, अनुदान सहायता, सामाजिक सुरक्षा तथा सेवा निवृत्त सुविधा जस्ता नियमित प्रकारका खर्चहरु समावेश हुन्छन्। पुँजीगत खर्चमा एक आर्थिक वर्षभन्दा बढी अवधि आयु भएका सम्पति खरिद, उत्पादन, जडान, विकासमा लागेको खर्च तथा संरचनात्मक सुधारका खर्चहरु समावेश हुन्छन्। कुनै सम्पति खरिद गर्न भुक्तानी गरिएको पेश्कि वा हस्तान्तरण भैनसकेका निर्माण वा निर्माणाधिन सम्पतिमा गरिएका भुक्तानीलाई पनि पुँजीगत खर्चमा समावेश गरिन्छ। वित्तीय व्यवस्थामा स्थिर सम्पतिबाहेकका शेयर, ऋण लगायतका लगानीजन्य खर्चहरु तथा साविकको दायित्वको मूलधन भुक्तानी गर्दा भएका खर्चहरु समावेश हुन्छ। चालु तथा पुँजीगत खर्चको विवरण निम्नानुसार रहेको छ। जिल्लागत खर्च विवरण मन्त्रालयगत खर्चको विवरण, सेवा तथा कार्यक्रम खर्चको विवरण मन्त्रालयगत बजेट उपशीर्षकगत खर्च शीर्षकगत विवरण तथा भुक्तानी विधि अनुसारको खर्च, प्रतिवेदनमा प्रस्तुत गरी संलग्न गरिएको छ।

टिप्पणी ३.१ चालु खर्च:

क) बजेट निकाय:

नियमित प्रकारका कार्यालयको कार्यसम्पादनका लागि भएका पदाधिकारी र कर्मचारी खर्च, सञ्चालन र सम्भार खर्च, व्याज, बैंक कमिसन, सेवा शुल्क, कार्यक्रम खर्च, अनुदान सहायता जस्ता नियमित प्रकारका खर्चहरु चालु खर्चमा समावेश गरिएको छ।

खर्च संकेत	शीर्षक	चालु आ.व.				गत आ.व.			
		बजेट अनुमान		यथार्थ खर्च		बजेट अनुमान		यथार्थ खर्च	
		शुरु बजेट	अन्तिम कायम बजेट	नगद	सोझै भुक्तानी	शुरु बजेट	अन्तिम कायम बजेट	नगद	सोझै भुक्तानी
२१०००	पारिश्रमिक / सुबिधा खर्च	२,८७६,०८७,०००.००	२,८७५,५०४,०००.००	१,७७७,९९८,४९१.५८		२,६३९,५७९,०००.००	२,६६९,२४६,६००.००	१,६७६,५७७,१४५.४५	
२२०००	मालसमान तथा सेवाको उपभोग खर्च	५,२९१,२६७,०००.००	५,११९,२५१,४४०.००	३,३३१,९९८,०९२.६०		४,९८९,१५८,०००.००	४,९८८,२८२,०००.००	३,५४५,५२४,९७२.१६	
२४०००	व्याज, सेवा शुल्क तथा बैंक कमिशन	३,०००,०००.००	३,०००,०००.००	-		६,०००,०००.००	६,०००,०००.००		
२५०००	सहायता खर्च	-	-	-					
२६०००	अनुदान खर्च	२,७०७,२४१,०००.००	२,७६४,८७३,८२३.००	२,१७२,७८३,०१६.२३		२,९१५,१२८,०००.००	२,९३७,७४६,०००.००	२,३८६,४९३,६५३.०१	
२७०००	सामाजिक सुरक्षा खर्च	४८५,०८६,०००.००	४८०,६८६,०००.००	२४३,३६७,७४६.२२		३५९,५३५,०००.००	४०५,४३७,०००.००	२५३,२६२,६४२.५५	
२८०००	अन्य खर्च	१,२७३,९९४,०००.००	१,२२३,६०५,७३७.००	३५,३६१,३६९.०३		२,२५१,१८२,०००.००	२,१२८,७७०,४००.००	३९,४६३,१८७.००	
	जम्मा	**१२,६३६,६७५,०००.००**	**१२,४६६,९२१,०००.००**	**७,५६१,५०८,७१५.६६**	**-**	**१३,१६०,५८२,०००.००**	**१३,१३५,४८२,०००.००**	**७,९०१,३२१,६००.१७**	**-**

ख) गैरबजेट निकाय:

नियमित प्रकारका कार्यालयको कार्यसम्पादनका लागि भएका पदाधिकारी र कर्मचारी खर्च, सञ्चालन र सम्भार खर्च, व्याज, बैंक कमिसन, सेवा शुल्क, कार्यक्रम खर्च, अनुदान सहायता, सामाजिक सुरक्षा तथा सेवा निवृत्त सुविधा जस्ता नियमित प्रकारका खर्चहरु चालु खर्चमा समावेश गरिएको छ।

खर्च संकेत	शीर्षक	चालु आ.व.		गत आ.व.	
		नगद	सोझै भुक्तानी	नगद	सोझै भुक्तानी
२१०००	पारिश्रमिक / सुबिधा खर्च	६६,४४९,९७२.४४		**५४,०७२,८६४.१५**	
२२०००	मालसमान तथा सेवाको उपभोग खर्च	५२,४३७,५७६.५५		३८,५१९,९११.००	
२४०००	व्याज, सेवा शुल्क तथा बैंक कमिशन	-		-	
२५०००	सहायता खर्च	-		-	
२६०००	अनुदान खर्च	-		-	
२७०००	सामाजिक सुरक्षा खर्च	-		-	
२८०००	अन्य खर्च	४,९१६,३५२.४८		५,८२८,०००.००	
	जम्मा	**१२३,८०३,९०१.४७**	**-**	**९८,४२०,७७५.१५**	**-**

टिप्पणी ३.२ पुँजीगत खर्च:

क) बजेट निकाय: यसमा एक आर्थिक वर्षभन्दा बढी अवधि उपयोगी आयु भएका सम्पति खरिद, उत्पादन, जडान, विकासमा लागेको खर्च तथा संरचनात्मक सुधारका खर्चहरु समावेश हुन्छन् । कुनै सम्पति खरिद गर्न भुक्तानी गरिएको पेश्कि वा हस्तान्तरण भैनसकेका निर्माण वा निर्माणाधिन सम्पतिमा गरिएका भुक्तानीलाई पनि पुँजीगत खर्चमा समावेश गरिन्छ । विनियोजन ऐन अनुसार भएको पुँजीगत खर्चको वर्गिकरण देहाय बमोजिम रहेको छ ।

खर्च संकेत	शीर्षक	चालु आ.व.				गत आ.व.			
		बजेट अनुमान		यथार्थ खर्च		बजेट अनुमान		यथार्थ खर्च	
		शुरु बजेट	अन्तिम बजेट	नगद	सोझै भुक्तानी	शुरु बजेट	अन्तिम बजेट	नगद	सोझै भुक्तानी
३११००	**स्थिर सम्पत्ति प्राप्ति खर्च**	**१८,०२८,७४८,०००.००**	**१८,४६५,७२७,०९७.००**	**१२,९८७,९८४,५७०.३७**	**-**	**१८,४०९,०२२,०००.००**	**१८,७३८,३४४,३१९.००**	**१४,९९०,९२४,४७३.२८**	**-**
३१११०	भवन तथा संरचना	९०४,५५५,०००.००	८२७,९९३,०००.००	३६७,६०९,९४६.८९		९००,०४२,०००.००	८२०,६३२,०००.००	५८१,६७१,४५८.७९	
३१११२०	सवारी साधन तथा मेशीनरी औजार	६२७,४४३,०००.००	५४७,२८८,०००.००	२८६,०६७,३७२.७४		४१७,४४६,०००.००	४८३,०४७,०००.००	३५२,३९७,८१०.५३	
३११३०	अन्य पुँजीगत खर्च	४३,४७०,०००.००	३५,५१०,८२८.००	५,१६०,९४०.००		१२,९३१,०००.००	११,१३७,०००.००	४,७१०,७०१.००	
३११४०	सुरक्षा उपकरण								
३११५०	सार्वजनिक निर्माण	१६,१८४,२८२,०००.००	१६,७३५,३७७,८१०.००	१२,१५५,०७२,४९५.६०		१६,७३३,१६४,०००.००	१७,१८९,८३९,३१९.००	१३,९२७,३२६,०६८.०३	
३११६०	निर्मित संरचनाको सुधार खर्च	८६,१५९,०००.००	१५७,९३८,३१९.००	९५,११७,९१६.१९		११६,७२९,०००.००	११५,४५९,०००.००	८५,१९८,३९४.३५	
३११७०	पुँजीगत सुधार खर्च	१८२,८३९,०००.००	१६१,६१९,१४०.००	७८,९५५,८९८.९५		२२८,७१०,०००.००	११८,२३०,०००.००	३९,६२०,०४०.५८	
३१२००	मौज्दात सामानहरु								
३१३००	बहुमुल्य सामानहरु								
३१४००	**प्राकृतिक सम्पत्ति खर्च**	**७,९००,०००.००**	**७,९००,०००.००**	**-**	**-**	**२,२९५,०००.००**	**२,२९५,०००.००**	**-**	**-**
३१४१०	जग्गा प्राप्ति	७,९००,०००.००	७,९००,०००.००			२,२९५,०००.००	२,२९५,०००.००		-

खर्च संकेत	शीर्षक	चालु आ.व.				गत आ.व.			
		बजेट अनुमान		यथार्थ खर्च		बजेट अनुमान		यथार्थ खर्च	
		शुरु बजेट	अन्तिम बजेट	नगद	सोझै भुक्तानी	शुरु बजेट	अन्तिम बजेट	नगद	सोझै भुक्तानी
३१४४०	अपृष्य सम्पत्ति प्राप्ति खर्च (Intangible)								-
३१५००	**भैपरी आउने पुँजीगत**	**१,०५६,६७६,०००.०० **	**७८९,४५०,९०३.००**	**-**	**-**	**१,१०६,६७६,०००.०० **	**८०२,४५३,६८१.००**	**-**	**-**
३१५१०	भैपरी आउने पुँजीगत	१,०५६,६७६,०००.००	७८९,४५०,९०३.००	-		१,१०६,६७६,०००.००	८०२,४५३,६८१.००	-	
	जम्मा	**१९,०९३,३२४,०००.०० **	**१९,२६३,०७८,०००.०० **	**१२,९८७,९८४,५७०.३७**	**-**	**१९,५१७,९९३,०००.०० **	**१९,५४३,०९३,०००.०० **	**१४,९९०,९२४,४७३.२८**	**-**

ख) गैरबजेट निकाय: यसमा एक आर्थिक वर्षभन्दा बढी अवधि उपयोगी आयु भएका सम्पति खरिद, उत्पादन, जडान, विकासमा लागेको खर्च तथा संरचनात्मक सुधारका खर्चहरु समावेश हुन्छन्। कुनै सम्पति खरिद गर्न भुक्तानी गरिएको पेश्कि वा हस्तान्तरण भैनसकेका निर्माण वा निर्माणाधिन सम्पतिमा गरिएका भुक्तानीलाई पनि पुँजीगत खर्चमा समावेश गरिन्छ। गैरबजेटरी निकायबाट भएको पुँजीगत खर्चको वर्गिकरण देहाय बमोजिम रहेको छ।

खर्च संकेत	शीर्षक	चालु आ.व.		गत आ.व.	
		नगद	सोझै भुक्तानी	नगद	सोझै भुक्तानी
३११००	स्थिर सम्पत्ति प्राप्ति खर्च	७८,४३५,४७८.१२	-	८३,४९६,१५७.९९	-
३१११०	भवन तथा संरचना	७२,७३७,८४३.१२		६७,७६३,९००.७५	
३१११२०	सवारी साधन तथा मेशीनरी औजार	४,८६५,४८२.००		८,५५३,४५८.२९	
३१११३०	अन्य पुँजीगत खर्च	६८०,५०९.००		५,१७२,०१२.९६	
३११४०	सुरक्षा उपकरण	-			

खर्च संकेत	शीर्षक	चालु आ.व.		गत आ.व.	
		नगद	सोझै भुक्तानी	नगद	सोझै भुक्तानी
३११५०	सार्वजनिक निर्माण	-			
३११६०	निर्मित संरचनाको सुधार खर्च	-		१,७४१,८०२.९९	
३११७०	पुँजीगत सुधार खर्च	-			
३१२००	मौज्दात सामानहरु	१५१,६४४.००		२६४,९८३.००	
३१३००	बहुमुल्य सामानहरु				
३१४००	प्राकृतिक सम्पत्ति खर्च	-	-	-	-
३१४१०	जग्गा प्राप्ति				
३१४४०	अदृष्य सम्पत्ति प्राप्ति खर्च (Intangible)				
	जम्मा	७८,४३५,४७८.१२	-	८३,४९६,१५७.९९	-

टिप्पणी ३.३ संचित कोषमाथी व्ययभार हुने खर्च (बजेट निकाय):

नेपालको संविधानको धारा २०६ बमोजिम सञ्चित कोषमाथि व्ययभार भएको रकमको भुक्तानीका लागि प्रदेश सभाको स्विकृती आवश्यक पर्दैन । यस धारामा भएको संवैधानिक व्यवस्था बमोजिम यी विषयमा प्रदेश ऐनमा नै भुक्तानीको सीमा र तरिका तोकिएको हुने हुनाले यी शीर्षकमा भुक्तानी गर्न सभाको पुनः स्वीकृती आवश्यक पर्दैन । नेपालको संविधानको धारा २०७ को उपधारा (१) बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने आवश्यक रकम र प्रदेश विनियोजन ऐन बमोजिमको व्यय हुने आवश्यक रकमहरुको वार्षिक अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । संचित कोषमा व्ययभार हुने खर्च निम्नानुसार रहेको छ। यसको शिर्षगत खर्चको विस्तृत विवरण प्रतिवेदनमा प्रस्तुत गरी यसै साथ संलग्न गरिएको छ ।

वर्गीकरण	चालु आ.व.		गत आ.व.	
	नगद	सोझै भुक्तानी	नगद	सोझै भुक्तानी
चालु खर्च	८,७४४,१५९.४०		१०,०८६,१०६.१९	

पुँजीगत खर्च				
वित्तीय खर्च				
जम्मा	**८,७४४,१५९.४०**	**-**	**१०,०८६,१०६.१९**	**-**

टिप्पणी ३.४ - संचित कोषबाट विनियोजन हुने खर्च (बजेट निकाय):

सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेकका अन्य खर्चहरु नेपालको संविधानको धारा २०८ मा व्यवस्था भए बमोजिम विनियोजन ऐन द्वारा खर्च गरिन्छ । संचित कोषबाट विनियोजन हुने खर्च निम्नानुसार रहेको छ। यसको शिर्षगत खर्चको विस्तृत विवरण प्रतिवेदनमा प्रस्तुत गरी यसै साथ संलग्न गरिएको छ ।

वर्गीकरण	चालु आ.व.		गत आ.व.	
	नगद	सोझै भुक्तानी	नगद	सोझै भुक्तानी
चालु खर्च	७,५५२,७६४,५५६.२६		७,८९१,२३५,४९३.९८	
पुँजीगत खर्च	१२,९८७,९८४,५७०.३७		१४,९९०,९२४,४७३.२८	
वित्तीय खर्च				
जम्मा	**२०,५४०,७४९,१२६.६३**	**-**	**२२,८८२,१५९,९६७.२६**	**-**

टिप्पणी ३.५ भुक्तानी विधि अनुसारको खर्च (बजेट निकाय):

प्रदेश सरकारको भुक्तानी विधि अनुसारको चालु पुँजिगत तथा वित्तीय व्यवस्था तर्फको खर्चको व्यहोरा निम्न बमोजिम रहेको छ।भुक्तानी विधिको विवरण सहितको विस्तृत विवरण प्रतिवेदनमा संलग्न नभएकोले यसमा वैदेशिक श्रोत तर्फको विवरण समावेश गरिएको छैन ।

भुक्तानी विधि	चालु आ.व.			गत आ.व.		
	चालु	पुँजीगत	वित्तीय	चालु	पुँजीगत	वित्तीय
प्रदेश सरकार-नगद	६,३१७,९६९,७७१.७०	६,२५७,४८०,०४१.९४		६,८१९,७६८,६६३.२६	६,५७९,७०१,०५४.५८	
समानिकरण अनुदान	०.००	५,६३६,६५५,३१९.९४			६,५२९,०४४,४४६.३४	
सशर्त अनुदान	१,१८८,१४७,५५०.४६	५५९,०४४,०५६.२४		१,०११,२९५,६१२.७६	७४०,८१४,६६६.५४	

भुक्तानी विधि	चालु आ.व.			गत आ.व.		
	चालु	पुँजीगत	वित्तीय	चालु	पुँजीगत	वित्तीय
विशेष अनुदान	५५,३९१,३९३.५०	२१०,६२१,३३५.४४		७०,२५७,३२४.१५	४०६,५६२,३४२.४५	
समपूरक अनुदान	-	३२४,१८३,८१६.८१			७३४,८०१,९६३.३७	
नगद अनुदान						
शोधभर्ना हुने अनुदान						
शोधभर्ना हुने ऋण						
नगद ऋण						
जम्मा	**७,५६१,५०८,७१५.६६**	**१२,९८७,९८४,५७०.३७**	**-**	**७,९०१,३२१,६००.१७**	**१४,९९०,९२४,४७३.२८**	**-**

टिप्पणी ३.६ वित्तीय हस्तान्तरण (बजेट निकाय):

